का.जि.प्र.का.द.नं. १००/०५२/६०
२८ कार्तिक २०८३
शनिबार
14 November 2026
Saturday
नेपाल संवत् ११४७
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मधेशबाट देशभर पुग्यो छठ

कुनै समय तराई-मधेशको धार्मिक तथा सांस्कृतिक पहिचानका रूपमा सीमित छठ पर्व अहिले देशका विभिन्न भूगोलमा फैलिएको छ। मधेशको मौलिक संस्कृति, धार्मिक आस्था र सामाजिक सद्भावसँग जोडिएको यो पर्व पछिल्लो समय काठमाडौं उपत्यकासहित पहाडी तथा हिमाली क्षेत्रका विभिन्न सहर र बस्तीमा समेत मनाउन थालिएको छ। यसको विस्तारसँगै छठ अब कुनै एउटा समुदायको पर्व मात्र रहेन, साझा सांस्कृतिक उत्सवका रूपमा स्थापित हुँदै गएको छ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

काठमाडौंको रातोपुलमा चटपटे र पानीपुरीको व्यापार गर्दै आएका सर्लाहीका रोशन ठाकुर यस वर्ष छठ काठमाडौंमै मनाउने तयारीमा छन्। कमलपोखरीमा घाट बनाएर सामूहिक रूपमा छठ मनाउने उनको योजना छ। 'छठ पर्व सामुदायिक रूपमा मनाउने पर्व हो। पहिले यहाँ चिनजानका मानिस थिएनन्। पोखरीको छेउमा पूजा गर्दा गाली गर्छन् कि भन्ने डर लाग्थ्यो,' उनी भन्छन्, 'अहिले अनुमति लिएरै पर्व मनाउने तयारीमा छौं।'

रोशनको अनुभव काठमाडौंमा छठ पर्वले तय गरेको सामाजिक यात्राको एउटा उदाहरण हो। कुनै समय आफ्नो समुदायका मानिससमेत पर्याप्त नभएकाले सार्वजनिक रूपमा छठ मनाउन अप्ठ्यारो मान्नेहरू अहिले स्थानीय तहको सहयोग र सामुदायिक सहभागितामा घाट निर्माण गरेर पर्व मनाउन थालेका छन्।

विगत ११ वर्षदेखि काठमाडौंको ज्ञानेश्वरमा चिया पसल सञ्चालन गर्दै आएकी सिरहाकी रजनी यादव पनि छठ मनाउनकै लागि गाउँ जाने गर्थिन्। तर, पछिल्ला तीन वर्षदेखि काठमाडौंमै छठ मनाउँदै आएकी छन्। 'छठ पर्व मनाउनेकै कारण काठमाडौंका तालतलैया भरिन थालेका छन्,' उनी भन्छिन्, 'परिवार नै काठमाडौंमा बस्ने भएपछि पर्व मनाउनकै लागि गाउँ जान छाडिसक्यौं।'

मधेशी समुदायकी भएकै कारण विगतमा काठमाडौंमा छठ मनाउन सहज नभएको उनी सम्झिन्छिन्। अहिले भने स्थानीय तहले घाट व्यवस्थापनमा समेत सहयोग गर्न थालेको उनको भनाइ छ। काठमाडौंमा छठ मनाउनेहरूको संख्या हरेक वर्ष बढिरहेको उनले अनुभव गरेकी छन्।


यस वर्ष काठमाडौं उपत्यकाका १७ स्थानमा छठ घाट निर्माण, सरसफाइ र व्यवस्थापनको काम भइरहेको छ। गौरीघाट, गुह्येश्वरी, कमलपोखरी, थापाथली, टेकु, वंशीघाट, कुपण्डोल, बल्खु, विष्णुमती र नख्खु नदी किनारलगायत स्थानमा पर्व मनाउने तयारी गरिएको छ। गौरीघाटमा मात्रै ५५७ जना बताएका पूजा गर्न सकने गरी घाट

>>> पृष्ठ २ मा



छठले जीवनको चक्रलाई स्वीकार गर्न सिकाउँछ। जुन कुराको सुरु हुन्छ, त्यसको अन्त्य हुन्छ र फेरि सुरु हुन्छ। यसलाई सूर्यको प्रतीकका रूपमा लिएर सूर्यकै विशेष पूजा हुन्छ।

**● सिके लाल**
**लेखक एवं विश्लेषक**



रोजगारी, शिक्षा र अवसरको खोजीमा मधेशबाट पहाड तथा उपत्यकामा पुगेका परिवारले आफ्नो मौलिक परम्परालाई नयाँ ठाउँमा निरन्तरता दिएका छन्। उनीहरूसँगै छठ पर्व पनि नयाँ भूगोलमा पुगेको छ।

**● चन्द्रकिशोर**
**मधेश अध्येता**



जहाँ मैथिली र भोजपुरीभाषी छन्, त्यहाँ छठ पुगेको छ। पछिल्लो समय छठ पर्व पूर्वी पहाडको पाँचथर, ताप्लेजुंगदेखि पश्चिमको कर्णाली र सुदूरपश्चिम प्रदेशसम्म मनाउने गरिएको छ

**● धर्मेन्द्र झा**
**वरिष्ठ पत्रकार**

## बसाइँसराइसँगै फैलिएको संस्कृति

वरिष्ठ पत्रकार धर्मेन्द्र झाका अनुसार, विगतमा काठमाडौं उपत्यकाको कीर्तिपुर, बल्खु, कालिमाटी र कुलेश्वर क्षेत्रमा सामान्य रूपमा छठ पर्व मनाउने गरिन्थ्यो। पछिल्ला वर्षमा भने यो पर्व उपत्यकाका विभिन्न स्थानमा विस्तार भएको छ। 'छठ विस्तारै राष्ट्रिय मात्र होइन, अन्तर राष्ट्रियकरणतर्फ पनि उन्मुख छ। अहिले विश्वमा जहाँकहीं मैथिली र भोजपुरीभाषी छन्, त्यहाँ यो महापर्व मनाउने गरिएको छ,' झा भन्छन्, 'मूलतः सूर्योपासनासँग सम्बन्धित यो पर्व प्रकृतिपूजनसँग पनि जोडिएको छ।'

उनका अनुसार, रोजगारी, पेसा र अन्य अवसरका सिलसिलामा देशका विभिन्न ठाउँमा पुगेका मैथिली तथा भोजपुरीभाषी समुदायले आफ्नो सुविधाअनुसार नयाँ ठाउँमै छठ मनाउन थाले। उनीहरूको बसाइँसराइसँगै पर्व पनि नयाँ भूगोलमा पुग्यो। यसरी सुरु भएको सामूहिक पूजामा स्थानीय समुदायको सहभागिता थपिँदै जाँदा छठले राष्ट्रिय पहिचान बनाउँदै गएको छ।

पूर्वी पहाडको पाँचथर र ताप्लेजुङदेखि पश्चिमको कर्णाली तथा सुदूरपश्चिमका विभिन्न स्थानमा समेत छठ मनाउन थालिएको झा बताउँछन्। झापा, इलाम, कपिलवस्तु र लुम्बिनीलगायत क्षेत्रमा पहाडी समुदायका मानिससमेत छठको व्रत र पूजामा सहभागी हुन थालेका छन्। कतिपय ठाउँमा मधेशी समुदायले सुरु गरेको पूजामा अन्य समुदायका व्रतालुको समेत उल्लेख्य सहभागिता देखिन थालेको छ।

वीरगन्ज निवासी वरिष्ठ पत्रकार चन्द्रकिशोर छठको यो विस्तारलाई धार्मिक आस्थासँगै बसाइँसराइ, सहरीकरण र सामाजिक अन्तरघुलनको परिणाम मान्छन्। उनका अनुसार, रोजगारी, शिक्षा र अवसरको खोजीमा मधेशबाट पहाड तथा उपत्यकामा पुगेका परिवारले आफ्नो मौलिक परम्परालाई नयाँ ठाउँमा निरन्तरता दिएका छन्। उनीहरूसँगै छठ पर्व पनि फैलिएको हो। 'यो राम्रो पक्ष हो। यो पर्व मनाउन कुनै वर्ग, धर्म वा जात चाहिँदैन। न त कुनै पण्डित वा ब्राह्मण नै चाहिन्छ,' चन्द्रकिशोर भन्छन्, 'छठ पर्व मनाउन कसैलाई छेकबार छैन।'

उनका अनुसार, छठमा जात, धर्म, वर्ग र समुदायको सीमाभन्दा माथि उठेर मानिसहरू एकै ठाउँमा भेला हुन्छन्। यही खुलापनले यसलाई सामाजिक एकता र सद्भावको पर्वका रूपमा स्थापित गर्न सहयोग गरेको छ। एउटा समुदायले आफ्नो मौलिक परम्पराका रूपमा जोगाएको पर्वमा अर्को समुदायको सहभागिता बढ्नु सांस्कृतिक अन्तरघुलनको सकारात्मक उदाहरण हो।



## प्लेअफमा सुदूरपश्चिम

सुदूरपश्चिम रोयल्स सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफमा पुगेको छ। शुक्रबार काठमाडौं गोर्खाजलाई ७ रनले पराजित गर्दै सुदूरपश्चिमले प्लेअफमा स्थान पक्का गरेको हो। लिग चरणमा सबै ७ खेल खेलिसकेको सुदूरपश्चिम ७ खेलबाट १० अंक जोडेर शीर्ष स्थानमा उक्लिएको छ। यसअघि लुम्बिनी लायन्स पनि प्लेअफमा पुगिसकेको छ।

विस्तृत समाचार पृष्ठ ७ मा



सीमा विवाददेखि ऊर्जा व्यापार, पञ्चेश्वरदेखि डिजिटल सहकार्यसम्मका विषयमा छलफलको अपेक्षा, पुराना सहमति कार्यान्वयन गराउनु प्रधानमन्त्रीका लागि चुनौती

**प्रधानमन्त्रीको भारत भ्रमण**

# प्राथमिकता अस्पष्ट

प्रधानमन्त्री वालेन्द्र शाह पहिलो औपचारिक विदेश भ्रमणका रूपमा मंसिर ६ गते भारत जाँदै छन्। सीमा विवाद, ऊर्जा व्यापार, पञ्चेश्वर आयोजना र डिजिटल सहकार्य भ्रमणका सम्भावित एजेन्डा हुन्। तर, नेपालको प्राथमिकता अझै स्पष्ट भइसकेको छैन।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

सरकार गठन भएको साढे सात महिनापछि प्रधानमन्त्री वालेन्द्र शाह पहिलो औपचारिक विदेश भ्रमणका लागि भारत जाँदै छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा उनी मंसिर ६ गते नयाँदिल्ली प्रस्थान गर्ने तयारीमा छन्। प्रधानमन्त्रीको पहिलो भारत भ्रमणमा दुई देशबीचका कुन विषयले प्राथमिकता पाउँछन् भन्ने अहिले चासोको विषय बनेको छ।

प्रधानमन्त्री शाहको भ्रमणका क्रममा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, नेपाल-भारत सीमा समस्या, व्यापार तथा पूर्वाधार विकास, महेन्द्रनगरमा ड्राइपोर्ट निर्माण र धार्मिक तथा पर्यटन सहकार्यका विषयमा छलफल हुने बताइएको छ। विगतमा भएका सहमतिको कार्यान्वयनसँगै नयाँ एजेन्डा तय गर्ने तयारी भइरहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। भ्रमणका विषयमा आवश्यक काम परराष्ट्र मन्त्रालयले गरिरहेको प्रधानमन्त्रीका प्रेस विज्ञ दीपा दाहालको भनाइ छ।

तर, नेपालको तर्फबाट उठाउनुपर्ने विषयको प्राथमिकता निर्धारण गरेर औपचारिक सूची भने अझै तयार भइसकेको छैन। सरकार गठन भएलगत्तै भारत भ्रमणको अनौपचारिक निमन्त्रणा पाएका प्रधानमन्त्री शाहले सुरुमा विदेश भ्रमणमा चासो देखाएका थिएनन्। प्रधानमन्त्रीले भारत भ्रमणमा चासो नदेखाएपछि भारतीय सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा)को निमन्त्रणामा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भारत गएका थिए। त्यसबेला लामिछानेलाई भारतीय पक्षले दिएको भव्य स्वागतलाई राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको थियो।

**सीमा विवादमा कस्तो अडान ?**

नेपाल-भारत सम्बन्धमा लामो समयदेखि देखिएको सीमा विवाद प्रधानमन्त्री शाहका लागि प्रमुख चुनौती हो। विगतका सरकारले समाधान गर्न नसकेको यो विषयमा प्रधानमन्त्री शाहले प्रतिनिधिसभामै दिएको अभिव्यक्तिले थप विवाद सिर्जना गरेको छ। गत जेठ १७ गते प्रतिनिधिसभा बैठकमा उनले 'भारतले मात्रै होइन, नेपालले पनि भारतको जमिन धेरै ठाउँमा मिचेको छ' भन्ने अभिव्यक्ति दिएका थिए। उनको भनाइप्रति विपक्षी दलहरूले संसद्भित्र र बाहिर आपत्ति जनाउँदै आएका छन्। प्रधानमन्त्रीको भारत भ्रमणमा सीमा

>>> पृष्ठ २ मा



नेपाल-भारत सीमा विवाद टुंगो लगाउने र इपिजीको प्रतिवेदन कार्यान्वयन गर्ने विषयमा प्रधानमन्त्रीले समकक्षीसँग छलफल गर्नुपर्छ।

**■ शंकर शर्मा**
**पूर्वराजदूत**



पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाजस्ता ठुला जलस्रोत परियोजनाहरूको स्पष्ट कार्यान्वयन खाका तयार गरी संयुक्त जलस्रोत व्यवस्थापनलाई मूर्त रूप दिन सरकारले आवश्यक योजना बनाउनुपर्छ।

**■ डा. नारायण खड्का**
**पूर्वपरराष्ट्रमन्त्री**

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा कार्यरत नेपालीहरूको श्रममन्त्रीसँग ७ बुँदे माग

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, मलेसिया, २७ कात्तिक

नेपाल र मलेसियाबीचको आगामी द्विपक्षीय वार्ता नयाँ श्रमिक पठाउने विषयमा मात्र सीमित नरही मलेसियामा कार्यरत श्रमिकले वर्षौंदेखि सामना गरिरहेका समस्या समाधानमा पनि केन्द्रित हुनुपर्नेमा त्यहाँ कार्यरत नेपालीहरूले जोड दिएका छन्।

मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा २७५ नेपाली म्यानपावर कम्पनी दर्ता भएपछि मलेसियाको नयाँ रोजगारी प्रभावित भएको छ। नयाँ रोजगारी सहज बनाउन यहि नोभेम्बर १८ र १९ वा डिसेम्बर २ र ३ मा वार्ता गर्न नेपालले प्रस्ताव गरेको छ। तर, मलेसियाबाट जवाफ आएको छैन। मलेसियामा कार्यरत नेपाली श्रमिकहरूको तलब, काम गर्ने समय तथा श्रम अधिकार सुनिश्चित गर्न माग गर्दै नेपाली श्रमिकहरूले युवा, श्रम तथा रोजगार मन्त्रालयलाई सातबुँदे ध्यानाकर्षण पत्र पठाएको बताएका छन्। उनीहरूले नयाँ रोजगारी खुलाउने विषयलाई मात्रै प्राथमिकतामा

>>> पृष्ठ २ मा

## नेपालमा क्युएसटी ट्रेनिङ सेन्टरको सञ्चालन प्रारम्भ




**काठमाडौं/मस–** नेपालमा अन्तर्राष्ट्रियस्तरको तालिम सञ्चालनको उद्देश्यसहित क्युएसटी ट्रेनिङ सेन्टरले आफ्नो कार्य प्रारम्भ गरेको छ। राजधानीको गहनापोखरी नक्सालमा तालिम केन्द्र स्थापना गरेको क्युएसटी ट्रेनिङ सेन्टरले शुक्रबारदेखि औपचारिकरूपमा कार्य प्रारम्भ गरेको हो। सेन्टरले कतार र बाँकी विश्वको श्रम बजारमा उपयुक्त जनशक्ति

>>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**मधेशबाट...**

व्यवस्थापन भइरहेको छ । राजधानीका नदी, पोखरी र जलाशयका किनारमा बढ्दो चहलपहलले छठको बदलिँदो स्वरूप देखाउँछ । मधेशी समुदायको बाक्लो बसोबास भएका क्षेत्रमा मात्र सीमित नरही अन्य समुदायका मानिससमेत पूजा, घाट व्यवस्थापन र सांस्कृतिक गतिविधिमा सहभागी हुन थालेका छन् ।

**अस्ताउँदो सूर्यलाई पनि सम्मान**

छठ पर्वको विशेषता सूर्यको पूजा मात्र होइन, अस्ताउँदो सूर्यलाई समेत अर्घ्य दिएर सम्मान गर्नु हो । सूर्यको उपासना विश्वका विभिन्न देश र संस्कृतिमा हुने गरे पनि अस्ताउँदो र उदाउँदो दुवै सूर्यको पूजा गर्ने परम्परा छठमा विशेष रूपमा देखिन्छ ।

वरिष्ठ पत्रकार धर्मेन्द्र झाका अनुसार, यसले उदाउँदो शक्तिको मात्र होइन, विगतमा योगदान पुऱ्याएको र अहिले अस्ताउँदै गरेको शक्तिको समेत सम्मान गर्नुपर्ने सन्देश दिन्छ । 'सूर्यको उपासना त विश्वका धेरै देश र संस्कृतिमा हुन्छ । तर अस्ताउँदो सूर्यको उपासना हुने सांस्कृतिक पर्व सम्भवतः छठ मात्र हो,' उनी भन्छन् । छठमा सूर्यदेवको पूजा गरिए पनि छठी माताको सम्बोधन किन गरिन्छ भन्ने प्रश्न पनि सांस्कृतिक र धार्मिक दृष्टिले रोचक छ । झाका अनुसार, छठीलाई प्रकृतिको प्रतीकका रूपमा स्वीकार गरिएको छ । यो पर्व षष्ठी तिथिमा मनाइने भएकाले षष्ठी शब्द अपभ्रंश हुँदै छठी बनेको हुन सक्ने उनको विश्लेषण छ ।

'षष्ठी, छठी र प्रकृति एकअर्काका पर्याय बन्न गएको र यी तीनै शब्द स्त्रीलिंगी रूपमा स्वीकार गरिँदा जनमानसमा देवीको स्वरूप निर्माण भएको हुन सक्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन,' उनी भन्छन् । अर्को मान्यताअनुसार छठीलाई भगवान् ब्रह्माकी मानसपुत्री पनि मान्ने गरिएको छ ।

**घाटदेखि बजारसम्म चहलपहल**

छठको विस्तार धार्मिक र सांस्कृतिक गतिविधिमा मात्र सीमित छैन । यसले स्थानीय बजारमा समेत आर्थिक चहलपहल बढाएको छ । पर्वका लागि आवश्यक पर्ने केरा, नरिवल, उखु, स्याउ, सुन्तला, अदुवा, बेसार, माटाका भाँडा तथा बाँसबाट बनेका ढाकी, नाङ्लो र सुपको माग बढ्ने गर्छ ।

विशेषगरी बाँसका सामग्री बनाउने परम्परागत सीप भएका समुदायका लागि छठ आम्दानीको अवसर बन्ने गरेको छ । काठमाडौंलगायत ठुला सहरका बजारमा छठ लक्षित किनमेल बढ्न थालेको छ । यसले धार्मिक पर्वले कृषि उत्पादन, स्थानीय व्यापार र परम्परागत हस्तकलालाई समेत बजारसँग जोड्ने गरेको देखाउँछ ।

छठको बढ्दो विस्तारले सार्वजनिक जलाशयको महत्त्व पनि बढाएको छ । नदी, पोखरी र तलाउका किनारमा पूजा गरिने भएकाले जलस्रोतको स्वच्छता र संरक्षण यस पर्वसँग प्रत्यक्ष जोडिन्छ । तर, सहभागीको संख्या बढेसँगै घाट व्यवस्थापन, फोहोर संकलन र जलाशयको सरसफाइ चुनौतीका रूपमा देखिन सक्छन् । धार्मिक आस्थाका नाममा नदी तथा पोखरी प्रदूषित हुन नदिन आयोजक समिति, स्थानीय तह र श्रद्धालु सबैको जिम्मेवारी उत्तिकै महत्त्वपूर्ण छ ।

**जीवनचक्र र प्रकृतिको पूजा**

छठ पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिने परम्परा छ । व्रतालुहरूले विभिन्न नियम पालना गर्दै नदी, तलाउ, पोखरी तथा जलाशयका किनारमा पुगेर सूर्यको उपासना गर्छन् । सूर्य, जल र पृथ्वीलाई जीवनको आधार मानेर गरिने यो पूजाले मानव जीवन र प्रकृतिबीचको सम्बन्धलाई स्मरण गराउँछ । अध्येता एवं विश्लेषक सिके लालका अनुसार, छठले जीवनको चक्रलाई स्वीकार गर्न सिकाउँछ । 'जुन कुराको सुरु हुन्छ, त्यसको अन्त्य हुन्छ र फेरि सुरु हुन्छ । यसलाई सूर्यको प्रतीकका रूपमा लिइएको छ र सूर्यकै विशेष पूजा हुन्छ,' उनी भन्छन् । उनका अनुसार, मानव जीवनको निरन्तरता र प्रकृतिको चक्रलाई स्वीकार गर्ने भाव पनि छठमा जोडिएको छ ।

छठ पर्व चार दिनसम्म विभिन्न विधि र अनुशासनका साथ मनाइन्छ । पहिलो दिन 'नहाय-खाय' विधिवाट पर्व सुरु हुन्छ । यस दिन व्रतालुले नदी वा जलाशयमा स्नान गरी शुद्ध र सात्त्विक भोजन ग्रहण गर्छन् । दोस्रो दिन 'खरना' विधि गरिन्छ । दिनभर उपवास बसेर साँझ दूध, सखर र चामलबाट तयार पारिएको खिर तथा रोटी प्रसादका रूपमा ग्रहण गर्ने परम्परा छ । तेस्रो दिन अर्थात् षष्ठीका दिन व्रतालुहरू अस्ताउँदो सूर्यलाई अर्घ्य दिन जलाशयमा पुग्छन् । बाँसको सुप, नाङ्लो तथा ढाकीमा नरिवल, केरा, उखु, ठकुवा, भुसुवा र विभिन्न फलफूल राखेर सूर्यलाई अर्पण गरिन्छ । चौथो दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि व्रत समापन हुन्छ ।

यस वर्ष शुक्रबार नहाय-खायवाट सुरु भएको छठ शनिबार खरना, आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि सम्पन्न हुनेछ । 'छठ पर्व धार्मिक आस्थासँगै प्रकृतिप्रतिको सम्मान र संरक्षणको सन्देश बोकेको पर्व पनि हो,' सिके लाल भन्छन्, 'सूर्य, जल र पृथ्वीलाई जीवनको आधार मानेर गरिने यस पर्वले मानव जीवन र प्रकृतिबीचको सम्बन्धलाई दर्साउँछ ।'

मधेशको मौलिक पहिचान बोकेर सुरु भएको छठ आज देशका विभिन्न भूगोल र समुदायलाई जोड्ने सांस्कृतिक उत्सव बन्दै गएको छ । बसाइँसराइले यसलाई नयाँ ठाउँमा पुऱ्यायो, स्थानीय सहभागिताले साझा बनायो र यसको खुला प्रकृतिले समुदायबीचको दूरी घटाउन मद्दत गऱ्यो । छठको विस्तारले नेपाली समाजको विविधतामित्र रहेको एकताको सम्भावना उजागर गरेको छ । संस्कृति कुनै निश्चित भूगोल वा समुदायको सीमाभित्र मात्र रहँदैन, आपसी सम्मान र सहभागिताले त्यसलाई राष्ट्रिय पहिचान बनाउन सक्छ भन्ने सन्देश छठले दिएको छ ।

**प्राथमिकता...**

विवादलाई समाधानको दिशामा लैजाने गरी नेपालको राष्ट्रिय हित र अडान स्पष्ट रूपमा प्रस्तुत हुनुपर्ने कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे बताउँछन् । 'समस्याका रूपमा रहेको सीमा विवाद समाधान गर्न प्रधानमन्त्री राष्ट्रियताका सवालमा सशक्त रूपमा प्रस्तुत हुनुहुन्छ भन्ने अपेक्षा गरेका छौं,' उनले मध्यान्हसँग भने, 'सीमा समस्यासँगै द्विपक्षीय पारवहन, जलविद्युत् निर्यात र बदलिँदो परिस्थितिमा प्रविधिको विकासमा नेपाल-भारतबीच कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषय पनि नेपालको प्रस्तुतिमा आवश्यक छ ।' प्रधानमन्त्रीको पहिलो भारत भ्रमणले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन सहयोग पुग्ने अपेक्षा रहेको आङ्देम्बेले बताए ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले पनि प्रधानमन्त्री शाहको भ्रमणका क्रममा दुई देशबीचका सबै द्विपक्षीय विषयमा छलफल हुने बताएका छन् । गत मंगलवार नयाँदिल्लीमा आयोजित पत्रकार सम्मेलनमा उनले नेपालसँगको सम्बन्धलाई विशेष र विस्तृत साझेदारीका रूपमा व्याख्या गरेका थिए । 'नेपालसँग हाम्रो द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षमा छलफल हुनेछ,' जैसवालले भनेका छन्, 'नेपालका प्रधानमन्त्री शाहको भारत भ्रमण द्विदेशीय विस्तृत साझेदारी हो । अत्यन्त विशेष सम्बन्ध हो । हामीबीच आपसी हितका सबै विषयमा छलफल हुनेछ ।'

**इपिजी प्रतिवेदन र ऊर्जा व्यापार**

परराष्ट्रविद्हरूले प्रधानमन्त्रीको भ्रमणमा सीमा विवादसँगै प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदन कार्यान्वयन र ऊर्जा व्यापारलाई प्राथमिकता दिनुपर्ने सुझाव दिएका छन् । पूर्वराजदूत शंकर शर्माका अनुसार, दुईतिहाइ बहुमत प्राप्त सरकारका प्रधानमन्त्रीको पहिलो भारत भ्रमणमा लामो समयदेखि थाती रहेका विषयमा ठोस पहल हुनुपर्छ ।

'दुईतिहाइ प्राप्त शक्तिशाली प्रधानमन्त्री वालेन शाहको पहिलो भारत भ्रमणको मुख्य एजेन्डा लामो समयदेखि समस्याका रूपमा रहेको नेपाल-भारत सीमा विवाद टुंगो लगाउने हुनुपर्छ,' उनले मध्यान्हसँग भने, 'त्यस्तै इपिजीको प्रतिवेदन कार्यान्वयन गर्ने विषयमा प्रधानमन्त्रीले समकक्षीसँग छलफल गर्नुपर्छ ।' नेपाल-भारतबीच भएको विद्युत् व्यापार सम्झौताको नवीकरण, वार्षिक विद्युत् खरिद सम्झौता र बंगलादेशमा विद्युत् निर्यातको विषयलाई पनि प्राथमिकता दिनुपर्ने शर्मा बताउँछन् । उनका अनुसार, लामो समयदेखि देखिएको भन्सार समस्या समाधान र दुई देशबीचको यातायात सहज बनाउने विषय पनि नेपालको एजेन्डामा समेटिनुपर्छ ।

भारत हुँदै बंगलादेशसम्म विद्युत् निर्यातका लागि प्रसारण लाइनको सहज र भरपर्दो प्रयोग सुनिश्चित गर्नु नेपालको महत्त्वपूर्ण आवश्यकता हो । त्यसैगरी भारतीय बजारमा दीर्घकालीन रूपमा विद्युत् बिक्री गर्न पाउने सम्झौताको दायरा फराकिलो बनाउनुपर्ने विज्ञहरूको जोड छ ।

**पञ्चेश्वरमा ठोस प्रगतिको अपेक्षा**

लामो समयदेखि चर्चामा रहे पनि कार्यान्वयनमा गति लिन नसकेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना पनि प्रधानमन्त्रीको भ्रमणको महत्त्वपूर्ण एजेन्डा बन्न सक्ने देखिएको छ । पूर्वपरराष्ट्रमन्त्री डा. नारायण खड्काले पञ्चेश्वरजस्ता ठुला जलस्रोत आयोजनाको स्पष्ट कार्यान्वयन खाका तयार पारेर संयुक्त जलस्रोत व्यवस्थापनलाई अघि बढाउनुपर्ने बताएका छन् । 'पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाजस्ता ठुला जलस्रोत परियोजनाको स्पष्ट कार्यान्वयन खाका तयार गरी संयुक्त जलस्रोत व्यवस्थापनलाई मूर्त रूप दिन सरकारले आवश्यक योजना बनाउनुपर्छ,' उनले भने ।

पञ्चेश्वर आयोजनाको लागत, जलस्रोतको बाँडफाँट र त्यसबाट प्राप्त हुने लाभ वितरणसम्बन्धी विवादका कारण परियोजनाले अपेक्षित गति लिन सकेको छैन । पछिल्ला वर्षमा नेपाल र भारतले आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई अन्तिम रूप दिने प्रक्रिया अघि बढाउने सहमति गर्दै आएका छन् । प्रधानमन्त्रीस्तरको वार्तामा यस विषयले कस्तो प्राथमिकता पाउँछ भन्ने चासो छ ।

आयोजनामा ठोस प्रगति हुन सके महाकाली नदी बेसिन क्षेत्रमा विद्युत् उत्पादन, सिँचाइ सुविधा विस्तार र बाढी नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । डा. खड्काका अनुसार, नेपाल-भारत सम्बन्धलाई हेर्ने परम्परागत दृष्टिकोणमा पछिल्लो समय प्रविधिको आयामसमेत थपिएको छ । त्यसैले आधुनिक डिजिटल युगअनुकूल सहकार्यका नयाँ क्षेत्र पहिचान गर्न पनि यो भ्रमण उपयोगी हुन सक्छ ।

**व्यापार र डिजिटल सहकार्य**

नेपाल-भारत व्यापारमा देखिएका अवरोध हटाउने विषय पनि नेपालको प्राथमिकतामा पर्नुपर्ने विज्ञहरूको सुझाव छ । नेपाली कृषिजन्य उत्पादन, हस्तकला र औद्योगिक वस्तुलाई भारतीय बजारमा सहज पहुँच दिलाउन नेपालले स्पष्ट अडान राख्नुपर्ने आवश्यकता छ । त्यस्तै, मनसुनका बेला नेपालको तराई क्षेत्रमा हुने डुबान र त्यसबाट हुने जनधनको क्षतिको दीर्घकालीन समाधानका लागि पनि भारतसँग छलफल गर्नुपर्ने मधेशका नेताहरूको जोड छ ।

पूर्वराजदूत शर्मा डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर (डिपिआई)सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने विषयलाई पनि महत्त्वपूर्ण मान्छन् । भारत सूचना प्रविधि र कृत्रिम बुद्धिमत्ता (एआई) क्षेत्रमा तीव्र गतिमा अघि बढिरहेको अवस्थामा नेपालले आफ्नो आवश्यकता पहिचान गरेर सहकार्यको बाटो खोल्नुपर्ने उनको सुझाव छ ।

'भारत सबै सफ्टवेयरको विकास गर्ने र एआईको सेन्टर बनाउने योजनामा छ । प्रविधिको तीव्र विकास भइरहेको यो अवस्थामा नेपाल सरकार र भारत सरकारबीच डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चरको एमओयूको एजेन्डा अत्यन्त महत्त्वपूर्ण छ,' शर्मा भन्छन्, 'एमओयू भएपछि नेपाललाई के आवश्यक हो, त्यसको पहिचान गरेर भारत सरकारसँग सहकार्य गर्न सक्नुपर्छ ।' भारतमा विस्तार भइरहेको सूचना प्रविधि र एआई क्षेत्रमा नेपाली युवालाई रोजगारी तथा प्राविधिक पहुँच उपलब्ध गराउने विषय पनि छलफलमा समेटिनुपर्ने विज्ञहरूको सुझाव छ । दुवै देशका युवापुस्तालाई जोड्ने र प्रविधिमा सहकार्य बढाउने अवसरका रूपमा भ्रमणलाई उपयोग गर्नुपर्ने उनीहरूको भनाइ छ ।

**महेन्द्रनगर ड्राइपोर्ट र पर्यटन**

सीमावर्ती पूर्वाधार तथा व्यापार विस्तारका विषयमा पनि प्रधानमन्त्रीको भ्रमणमा छलफल हुने अपेक्षा गरिएको छ । विशेषगरी महेन्द्रनगरमा ड्राइपोर्ट निर्माण र सीमा क्षेत्रको आवागमन व्यवस्थित गर्ने विषयलाई भारतको उत्तराखण्ड सरकारले समेत चासोका साथ हेरेको छ । उत्तराखण्ड सरकारका क्याबिनेट मन्त्री सतपाल महाराजले प्रधानमन्त्री शाहको भ्रमणलाई लामो समयदेखि अड्किएका परियोजना, सीमावर्ती पूर्वाधार र धार्मिक-पर्यटन सहकार्य अघि बढाउने अवसरका रूपमा व्याख्या गरेका छन् । त्यस क्रममा पञ्चेश्वर बाँध, महेन्द्रनगरमा ड्राइपोर्ट निर्माण र नेपाल-भारत सीमासँग जोडिएका विषयमा छलफल हुने उनले बताएका छन् ।

महाराजको अभिव्यक्तिलाई नेपालका लागि सकारात्मक संकेतका रूपमा हेरिएको छ । महेन्द्रनगरमा ड्राइपोर्ट निर्माण र सीमावर्ती व्यापार विस्तार हुन सके सुदूरपश्चिमको व्यापार, ढुवानी र आर्थिक गतिविधिमा सहयोग पुग्ने पूर्वराजदूत शर्मा बताउँछन् । नेपाल-भारतबीचको परापूर्वकालदेखिको सामाजिक-सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने विषय पनि भ्रमणको एजेन्डामा पर्नुपर्ने पूर्वपरराष्ट्रमन्त्री डा. खड्काको जोड छ । धार्मिक तथा पर्यटन सहकार्य विस्तारले दुई देशबीचको जनस्तरको सम्बन्धलाई थप बलियो बनाउन सक्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री शाहको पहिलो भारत भ्रमणमा पुराना सहमति कार्यान्वयन, सीमा विवाद समाधान र आर्थिक-प्राविधिक सहकार्यका नयाँ क्षेत्र पहिचान गर्ने अवसर छ । तर, त्यसका लागि नेपालले आफ्ना प्राथमिकता स्पष्ट पारेर वार्तामा प्रस्तुत हुनुपर्नेछ । उच्चस्तरीय भेटवार्ता र सकारात्मक अभिव्यक्तिभन्दा पनि लामो समयदेखि थाती रहेका विषयमा ठोस प्रगति हासिल गर्नु नै भ्रमणको वास्तविक उपलब्धि हुनेछ ।

**मलेसियामा...**

राख्दा पुराना श्रमिकमाथिको शोषण यथावत् रहने बताएका छन् ।

विशेषगरी सेक्युरिटी क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरूले महिनाको ३० दिनसम्म निरन्तर काम गर्नुपर्ने अवस्था रहेको उनीहरूको भनाइ छ । प्रत्येक दिन १२ घण्टा र महिनाको ३० दिन नै काम गर्दा पनि कतिपय श्रमिकले मासिक २३ सय रिंगेट मात्र तलब पाउने समस्या रहेको उनीहरूले उल्लेख गरेका छन् । पर्याप्त साप्ताहिक बिदा, ओभरटाइमको उचित भुक्तानी तथा श्रम अधिकारका विषयमा समस्या भोग्नुपरेको भन्दै उनीहरूले नेपाल र मलेसियाबीच हुन गइरहेको द्विपक्षीय श्रम वार्तामा मलेसियामा कार्यरत नेपाली श्रमिकलाई हप्तामा कम्तीमा एक दिन अनिवार्य बिदा सुनिश्चित गर्न माग गरेका छन् । त्यसैगरी, अतिरिक्त काम गरेको समयको ओभरटाइम रकम कानुनअनुसार छुट्टै उपलब्ध गराउनुपर्ने, महिनाको ३० दिन काम गराउने प्रथालाई नियन्त्रण गर्नुपर्ने तथा सेक्युरिटी क्षेत्रमा कार्यरत श्रमिकको न्यूनतम तलब र सेवा सुविधाको पुनरावलोकन गरी नेपाली र मलेसियन श्रमिकबीच समान कामको समान पारिश्रमिकको व्यवस्था सुनिश्चित गर्नुपर्ने उनीहरूको माग छ ।

श्रमिकको राहदानी, बिदा, स्वास्थ्य सुविधा तथा सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न र मलेसियामा पहिलेदेखि कार्यरत नेपाली श्रमिकका समस्या समाधान गर्न नेपाल र मलेसिया सरकारबीच स्थायी श्रमिक गुनासो समाधान संयन्त्र स्थापना गर्न पनि उनीहरूले माग गरेका छन् ।

मलेसियामा कार्यरत नेपाली श्रमिकहरूको तर्फबाट मन्त्रालयमा पठाइएको पत्रमा नयाँ श्रमिकलाई मात्र मलेसिया पठाउने विषय नभई पहिलेदेखि पसिना बगाइरहेका नेपाली श्रमिकको जीवन र अधिकारलाई पनि सरकारले प्राथमिकतामा राख्नुपर्ने उल्लेख छ ।

**नेपालमा...**

उत्पादन गर्न नेपालमा व्यावसायिक तालिम, सीप विकास र अन्तर्राष्ट्रिय सिकाइ अवसरहरू उपलब्ध गराउने बताएको छ ।

अन्तर्राष्ट्रियस्तरको तालिमले रोजगार आकाक्षीहरूलाई सशक्त बनाउने, व्यावसायिक सीप विकास गर्ने र सीमापार अवसरहरू सिर्जना गर्ने संस्थापक तथा सिइओ यसमिन नाजले बताइन् । विगत १३ वर्षदेखि कतारमा बस्दै आएकी नाजले कतारको दोहामा क्युएसटी ट्रेनिङ सेन्टर एन्ड कन्सल्ट्यान्सी सञ्चालन गरेकी छन् । कतारमा काम गरेको अनुभवले उपयुक्त तालिम पाएको अवस्थामा नेपाली जनशक्तिले वैदेशिक रोजगारका क्षेत्रमा माथिल्ला पद र आकर्षक तलब पाएर वैदेशिक रोजगारको परिभाषा नै बदल्न सक्ने उनले बताइन् ।

कतार सिएसआर पुरस्कार २०२५, कतारका शीर्ष सय व्यवसायी २०२६, मध्यपूर्व, महिला विशेष संस्करण २०२६ पुरस्कार प्राप्त गरेकी नाज हिमालयन नेताहरू टोस्टमास्टर्स अध्यक्ष, कतारी व्यापार महिला संघ सदस्य र दोहा महिला मञ्च, कतारकी सदस्य पनि हुन् ।

उनले भनिन्, 'आत्मविश्वास, निरन्तर सिकाइ, भावनात्मक बुद्धिमत्ता, वित्तीय जागरूकता र साहसले आत्मविश्वास र करुणाका साथ नेतृत्व गर्न मद्दत गर्दछ । तालिम त्यसैका लागि हो ।'

ट्रेनिङ सेन्टरले हेल्थ, सेफ्टी, सेक्युरिटी, प्रोफेसनल सर्टिफिकेसन, भाषा तथा डिजिटल सीप र ब्युटीफिकेसन जस्ता श्रम बजारका आवश्यकता अनुसारको तालिम दिने बताएको छ ।

कम्पनीका म्यानेजिङ डाइरेक्टर इन्जिनियर समिर अलिले कतारको अनुभव अनुसार गुणस्तरीय तालिमका माध्यमबाट छुट्टै मानक स्थापित गर्ने उद्देश्यले नेपालमा क्युएसटीको शाखा स्थापना गरेको बताए ।

कार्यक्रमलाई संस्थाका संरक्षक पूर्वप्रदेश सचिव लालबाबु कवारी, प्रोफेसर रमजान अली मियाँ, गृह मन्त्रालयका सहसचिव प्रदीप कोइराला, दुबई नेप्लिज इन्फ्लुन्सिएल ग्रुपका इन्टरप्रेन्युअर फाउन्डर तथा फेन्सीवर्जिसिसी रिजनका प्रेसिडेन्ट मनोज मरहट्ठा, मौलाना नजरूल हसनलगायतले संस्थाको सफलताको शुभकामना व्यक्त गरेका थिए । मौलाना रिजवानको धार्मिक प्रार्थनासँगै प्रारम्भ भएको औपचारिक कार्यक्रममा समिर अलीले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रम सञ्चालन मित्र खत्रीले गरेका थिए ।


# महिला लघुवित्त वित्तीय संस्था लि.
## Mahila Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय:
बनेपा न.पा. -१३, साँगा, काभ्रे
फोन नं.: ०११-६६१३२९
Email: mlbsl.nepal@gmail.com
Website: www.mlbsl.com.np

## Unaudited Interim Financial Statement (Quarterly)

### Condensed Statement of Financial Position
As on Ashwin end, 2083

(Amount in NPR)

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 43,443,682 | 84,932,282 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 25,819,611 | 25,819,611 |
| Placement with Bank and Financial Institutions | 46,850,000 | 46,850,000 |
| Derivative financial instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and Advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to customers | 5,210,802,672 | 5,230,135,755 |
| Investment securities | - | - |
| Current tax assets | - | 17,770,551 |
| Investment property | - | - |
| Property Plant and Equipment | 10,224,329 | 10,870,943 |
| Goodwill and Intangible assets | 489,203 | 526,546 |
| Deferred tax assets | 105,544,169 | 20,675,952 |
| Other assets | 86,599,475 | 62,231,714 |
| **Total Assets** | **5,529,773,140** | **5,499,813,355** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 2,452,202,383 | 2,357,225,728 |
| Borrowing | 2,471,672,556 | 2,697,521,989 |
| Current Tax Liabilities | 30,521,632 | - |
| Provisions | - | - |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 133,320,224 | 121,546,563 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total liabilities** | **5,087,716,795** | **5,176,294,280** |
| **Equity** | | |
| Share capital | 217,562,500 | 217,562,500 |
| Share premium | - | - |
| Retained earnings | (74,522,574) | (43,101,238) |
| Reserves | 299,016,419 | 149,057,812 |
| **Total equity** | **442,056,345** | **323,519,075** |
| **Total liabilities and equity** | **5,529,773,140** | **5,499,813,355** |

### Condensed Statement of Profit or Loss
For the Quarter ended 31st Ashwin, 2083

(Amount in NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Interest Income | 198,958,345 | 198,958,345 | 177,058,012 | 177,058,012 |
| Interest Expense | 79,574,369 | 79,574,369 | 88,911,975 | 88,911,975 |
| **Net interest income** | **119,383,976** | **119,383,976** | **88,146,036** | **88,146,036** |
| Fee and Commission Income | 14,968,380 | 14,968,380 | 16,220,489 | 16,220,489 |
| Fee and Commission Expense | 10,548 | 10,548 | 121,843 | 121,843 |
| **Net Fee and Commission Income** | **14,957,831** | **14,957,831** | **16,098,647** | **16,098,647** |
| **Net Interest, Fee and Commission income** | **134,341,807** | **134,341,807** | **104,244,683** | **104,244,683** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income/ (Loss) | - | - | - | - |
| **Total Operating Income** | **134,341,807** | **134,341,807** | **104,244,683** | **104,244,683** |
| Impairment charge/(reversal) for loans and other losses | (251,239) | (251,239) | 6,639,144 | 6,639,144 |
| **Net Operating Income** | **134,593,046** | **134,593,046** | **97,605,539** | **97,605,539** |
| Operating Expense | | | | |
| Personnel Expenses | 62,652,125 | 62,652,125 | 60,404,756 | 60,404,756 |
| Other Operating Expenses | 8,656,500 | 8,656,500 | 7,360,187 | 7,360,187 |
| Depreciation & Amortisation | 813,272 | 813,272 | 914,131 | 914,131 |
| **Operating Profit** | **62,471,149** | **62,471,149** | **28,926,466** | **28,926,466** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **62,471,149** | **62,471,149** | **28,926,466** | **28,926,466** |
| Income Tax Expense | | | | |
| Current Tax | 18,741,345 | 18,741,345 | 8,677,940 | 8,677,940 |
| Deferred Tax Expense/(Income) | - | - | - | - |
| **Profit for the period** | **43,729,804** | **43,729,804** | **20,248,526** | **20,248,526** |

### Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Profit/(loss) for the period | 43,729,804 | 43,729,804 | 20,248,526 | 20,248,526 |
| Other Comprehensive Income | | | | |
| **a) Items that will not be reclassified to profit or loss** | - | - | - | - |
| **b) Items that are or may be reclassified to profit or loss** | | | | |
| **c) Share of other comprehensive income of associate accounted as per equity method** | - | - | - | - |
| **Other comprehensive income for the period, net of income tax** | - | - | - | - |
| **Total comprehensive income for the period** | - | - | - | - |
| **Profit for the period** | **43,729,804** | **43,729,804** | **20,248,526** | **20,248,526** |
| **Total** | **43,729,804** | **43,729,804** | **20,248,526** | **20,248,526** |
| **Earning per share** | | | | |
| Basic Earnings per share | 80.40 | 80.40 | 37.23 | 37.23 |
| Diluted Earnings per share | 80.40 | 80.40 | 37.23 | 37.23 |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Capital Fund to RWA | | 5.33% | | 9.28% |
| Non-performing loan (NPL) to total loan | | 13.21% | | 2.24% |
| Total Loan Loss Provision to Total NPL | | 97.90% | | 200.92% |
| Cost of Funds | | 7.06% | | 7.10% |
| Credit to Deposit and Borrowing Ratio | | 105.83% | | 109.94% |
| Base Rate | | 12.56% | | 12.44% |
| Interest Rate Spread | | 7.37% | | 7.90% |

### Statement of distributable profit

| | |
|---|---|
| **Net Profit for the quarter ended Ashwin, 2083** | **43,729,804** |
| **1. Appropriations** | |
| **1.1 Profit required to be appropriated to:** | |
| a. General Reserve | 8,745,961 |
| b. Capital Redemption Reserve | - |
| c. Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility Fund | 437,298 |
| e. Employees Training Fund | - |
| f. Client Protection Fund | 1,311,894 |
| g. Other | 437,298 |
| **1.2 Profit required to be transferred to Regulatory Reserve** | |
| **a. Transferred to Regulatory Reserve** | **14,718,089** |
| b. Transferred from Regulatory Reserve | - |
| **Net Profit for the quarter end Ashwin, 2083 available for distribution** | **18,079,264** |

**Note :**

a. Above financial statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and crave-outs issued by the Institute of Chartered Accountants of Nepal.
b. The above Figure & position are subject to change upon otherwise instruction from Supervising Authority & Statutory Auditor.
c. Loans and Advances are presented net of impairment charges and includes staff loans.
d. Personnel expensess includes employee's bonus provision.
e. Previous period are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparision.
f. The detailed interim financial reports has been published in the website (https://www.mlbsl.com.np/).

| Interest Rate | | | |
|---|---|---|---|
| 1. Deposit | 7.50 - 8.55% | 2. Loan & Advance | 8.00 - 15.00% |

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूची-१४ (नियम ३६ को उप विनियम (१) सँग सम्बन्धित)

## आ.व. २०८३/८४ को प्रथम त्रैमासिक विवरण

**१. प्रमुख वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाव सम्बन्धी विवरण :**

यस वित्तीय संस्थाको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस वित्तीय संस्थाको वेवसाइटमा राख्नुका साथै यसै साथ प्रकाशित गरिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरु (आवश्यकतानुसार वार्षिकिकरण गरिएको) निम्न बमोजिम रहेको छ ।**

| प्रति शेयर आम्दानी रु. | प्रति शेयर बजार मूल्य | मूल्य आम्दानी अनुपात (गुणा) | प्रति शेयर खुद कितावी मूल्य रु. | प्रति शेयर कुल सम्पत्तीको मूल्य रु. | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|---|
| ८०.४० | १,०८१.०० | १३.४५ | २०३.१९ | २,५४१.६९ | ४.६०% |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**

सदस्यहरुको बचतमा भएको वृद्धि र तरलता अनुपात घटेका कारण बैंक तथा वित्तीय संस्थाहरुबाट लिइएको थोक विपन्न कर्जामा कमी आएको छ । संस्थाको पूँजीकोष पर्याप्तता अनुपात र खराब कर्जा अनुपातमा परिवर्तन आएतापनि संस्थाको मौज्दात, आम्दानी, तरलताको अवस्था र समग्र वित्तीय अवस्था सन्तोषजनक रहेको छ । ब्याज आम्दानीमा भएको बढोत्तरीका कारण चालु आ.व. २०८३/८४ को प्रथम त्रैमासको अन्तसम्म सञ्चालन मुनाफा गत आ.व. को प्रथम त्रैमास भन्दा वृद्धि भएको छ । वित्तीय कारोवारहरुमा क्रमशः सुधार हुने प्रक्षेपण गर्दै आगामी दिनहरुमा कर्जाको साँवा/ब्याज नियमितता हुने, निक्षेप परिचालनमा वृद्धि तथा आम्दानीमा बढोत्तरी हुने व्यवस्थापनको अनुमान रहेको छ ।

**ख. आगामी अवधिको व्यावसायीक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

कार्यक्रम विस्तार र पूँजीकोष पर्याप्तता अनुपातलाई सुदृढ बनाउने रणनीति अनुसार फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. सँग मर्जरको लागि प्रारम्भिक सम्झौता सम्पन्न गरिसकेको छ । परिस्थितीजन्य कारणले समस्यामा परेका ऋणी सदस्यहरुलाई कर्जाको साँवा र ब्याज भुक्तानीमा सहजिक

रास्वपाका २० सांसद चीन जाँदै

# चीन भ्रमणलाई पर्यटकीय भ्रमणमा सीमित नराख्न प्रधानमन्त्रीको आग्रह



**काठमाडौं/मस–** प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद तथा नेताहरूलाई चीन भ्रमणलाई घुमघाममा मात्रै सीमित नराखी नेपालको राष्ट्रिय हित र दुई देशबीचको सम्बन्ध सुदृढ बनाउन केन्द्रित गर्न निर्देशन दिएका छन् ।

नोभेम्बर १५ देखि २६ सम्म हुने चीन भ्रमणबारे जानकारी गराउँदै आवश्यक निर्देशन लिन रास्वपाका संसदीय दलका सदस्य तथा पार्टीका नेताहरूले शुक्रबार प्रधानमन्त्रीसँग भेट गरेका हुन् ।

भेटपछि सञ्चारकर्मीसँग कुरा गर्दै रास्वपाका प्रमुख सचेतक कवीन्द्र बुर्लाकोटीले प्रधानमन्त्री शाहले दुई देशबीचको विशिष्ट सम्बन्धलाई थप प्रगाढ बनाउने गरी भ्रमणलाई फलदायी बनाउन सुझाव दिएको बताए । उनका अनुसार प्रधानमन्त्रीले चीन भ्रमणका क्रममा नेपालको हितलाई केन्द्रमा राखेर अध्ययन, छलफल र अनुभव आदानप्रदान गर्न निर्देशन दिएका छन् । चीनबाट नेपालले प्रविधि, व्यापार, अर्थतन्त्र, पर्यटन तथा कृषिको आधुनिकीकरणलगायतका क्षेत्रमा महत्वपूर्ण लाभ लिनसक्ने भएकाले यी विषयमा विशेष ध्यान दिन प्रधानमन्त्रीले आग्रह गरेको बुर्लाकोटीले जानकारी दिए । चीनबाट लिन सकिने सम्भावित आर्थिक तथा प्राविधिक लाभका विषयमा गम्भीर अध्ययन गर्नुपर्नेमा प्रधानमन्त्रीको जोड रहेको उनले बताए ।

बुर्लाकोटीका अनुसार चिनियाँ कम्युनिस्ट पार्टीले तयार पारेको भ्रमण तालिकामा पनि यस्ता विषय समेटिएका छन् । भ्रमणलाई औपचारिक भेटघाट र पर्यटकीय गतिविधिमा मात्र सीमित नगरी दुई देशको पारस्परिक हित तथा विशेषगरी नेपालको विकास र समृद्धिमा योगदान पुऱ्याउने अवसरका रूपमा उपयोग गर्न प्रधानमन्त्रीले निर्देशन दिएका छन् ।

रास्वपाको २० सांसदको टोली नोभेम्बर १५ देखि २६ सम्म चीनमा रहनेछ। भ्रमण अवधिमा दुई देशबीचको सम्बन्ध, आर्थिक सहकार्य, प्रविधि हस्तान्तरण, कृषि आधुनिकीकरण र पर्यटनलगायतका विषयमा छलफल तथा अध्ययन हुने अपेक्षा गरिएको छ ।

भ्रमणका क्रममा नेपाल-चीन सीमा सम्बन्धी विषयमा भने छलफल नहुने बुर्लाकोटीले स्पष्ट पारे । पार्टी तहको भ्रमण भएकाले सीमा विवादको विषय कार्यसूचीमा नरहेको उनको भनाइ छ । चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को निमन्त्रणामा रास्वपा सांसदहरूको प्रतिनिधिमण्डल आइतबार चीन प्रस्थान गर्नेछ ।

भ्रमण टोलीमा रास्वपाका सहमहामन्त्री हरि ढकाल, संसदीय दलका उपनेता गणेश पराजुली, प्रमुख सचेतक कवीन्द्र बुर्लाकोटीसहित सांसदहरू लिमा अधिकारी, समीक्षा बाँस्कोटा, सागर ढकाल, डा.आनन्दबहादुर चन्द, सुशान्त वैदिक, रिमा विश्वकर्मा, डा. धनञ्जय रेग्मी, श्रीराम न्यौपाने, डा.राम लामा, गजला समिम मिकरानी, पुनम अग्रवाल, रत्ना थापा, डा. सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द साह र रमेश सापकोटा रहेका छन्।

भीमफेदी दुर्घटना

# मृतकका परिवारले बुझे शव, सात दिनभित्र माग सम्बोधन गर्ने सहमति



**मकवानपुर/मस–** मकवानपुरको भीमफेदी गाउँपालिका-६ चिसापानीगढीमा भएको इभी माइक्रोबस दुर्घटनामा ज्यान गुमाएका १३ जनाको शव आफन्तले बुझेका छन् । हेटौंडा अस्पतालमा राखिएका शवको पोस्टमार्टम सम्पन्न भएपछि शुक्रबार आफन्तलाई हस्तान्तरण गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सहायक प्रमुख जिल्ला अधिकारी एवं दुर्घटना छानबिन समितिका संयोजक शेषकान्त पौडेलसँग भएको छलफलपछि पीडित परिवार शव बुझ्न सहमत भएका हुन् । मृतकका परिवारले अघि सारेका माग सम्बोधनका लागि सात दिनभित्र पहल गर्ने सहमति भएपछि शव परीक्षण गर्न दिइएको थियो ।

दुर्घटनामा मृत्यु भएका १४ जनामध्ये माइक्रोबस चालकको शव भने आफन्तले बिहीबार साँझ नै बुझिसकेका थिए । बाँकी १३ शव माग सम्बोधन नभएसम्म नबुझ्ने अडानका कारण हेटौंडा अस्पतालमै राखिएका थिए ।

पीडित परिवारले मृतकका परिवारलाई उचित क्षतिपूर्ति, घाइते बालबालिकाको शिक्षा तथा पालनपोषणको व्यवस्था, परिवारका सदस्यलाई रोजगारी र दुर्घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्ने माग राखेका थिए ।

माग सम्बोधनका लागि मधेस प्रदेशका पूर्वअर्थमन्त्री एवं प्रदेशसभा सदस्य सञ्जयकुमार यादव र चक्रघट्टा गाउँपालिका अध्यक्ष कृष्णकुमार यादवले समेत पहल गरेका थिए ।

बिहीबार बिहान भएको दुर्घटनामा सर्लाहीको चक्रघट्टा गाउँपालिकाका १४ जनाको मृत्यु भएको थियो । मृतकमध्ये वडा नम्बर ४ का १३ जना र वडा नम्बर ८ का एक जना थिए । दुर्घटनामा एकै परिवारका छ जनासहित १४ जनाले ज्यान गुमाउँदा अन्य ६ जना घाइते भएका थिए ।

यसैबीच मधेश प्रदेश सरकारले पनि दुर्घटनामा परी मृत्यु भएकाका परिवारलाई जनही एक लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ । प्रदेश मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले मृतकका परिवारलाई राहतस्वरूप जनही एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको स्वास्थ्य तथा जनसंख्यामन्त्री नागेन्द्र साहले जानकारी दिए ।

बैठकले दुर्घटनामा घाइते भएकाहरूको उपचार प्रादेशिक अस्पतालमा निःशुल्क गर्ने व्यवस्था मिलाउने निर्णयसमेत गरेको छ ।

# राष्ट्रिय परिचयपत्र प्रणाली १५ सरकारी निकायसँग जोडियो




**काठमाडौं/मस–** राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली सरकारी सेवा प्रवाहसँग जोडिने क्रम तीव्र बनेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले हालसम्म १५ वटा सरकारी तथा सार्वजनिक निकायका सूचना प्रणालीसँग अन्तरआबद्धता कायम गरी सेवा सञ्चालनमा ल्याएको छ । सर्वोच्च अदालतदेखि स्थानीय तहसम्मका निकायले समेत राष्ट्रिय परिचयपत्र प्रणालीसँग आफ्नो सेवा अन्तरआबद्धता गर्न अनुरोध गरेका छन् ।

विभागको आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक प्रगति विवरणअनुसार राहदानी विभाग, घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली, कम्पनी रजिस्ट्रारको कार्यालय, नागरिक एप, चालक अनुमतिपत्रसम्बन्धी इडिएल प्रणाली (बागमती प्रदेश), कर्जा सूचना केन्द्र, निवृत्तभरण व्यवस्थापन कार्यालय, वैदेशिक रोजगारसम्बन्धी सेवा, निर्वाचन आयोग, आन्तरिक राजस्व विभागको प्यानसेवा, राष्ट्रिय किताबखाना (निजामती), गृह मन्त्रालयको केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली, स्वास्थ्य बिमा बोर्ड र अध्यागमन विभागलगायतका प्रणालीसँग अन्तरआबद्धता कायम भइसकेको छ । यी प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, राहदानी, नागरिकता, कर, वैदेशिक रोजगार, स्वास्थ्य बिमा तथा अध्यागमनलगायतका सेवामा राष्ट्रिय परिचयपत्रको विवरण प्रयोग भइरहेको छ ।

विभागले नागरिक एपमा राष्ट्रिय परिचयपत्र प्रणालीका सबै तथ्यांक रियल टाइम सिंक हुने व्यवस्था गरेको छ । यसले राष्ट्रिय परिचयपत्रसम्बन्धी विवरण तत्काल अद्यावधिक तथा प्रयोग गर्न सकिने व्यवस्था गरेको छ ।

त्यस्तै, गत भदौ महिनामा राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली र स्वास्थ्य बीमा बोर्डको प्रणालीबीच अन्तरआबद्धता कायम गरी सेवा सञ्चालन गरिएको छ । गत असोजमा एनआईडिएमआइएस र अध्यागमन विभागको नेपाली पोर्ट प्रणालीबीच पनि अन्तरआबद्धता गरी सेवा सञ्चालनमा ल्याइएको विभागले जनाएको छ । राष्ट्रिय परिचयपत्र प्रणालीलाई थप सरकारी सेवासँग जोड्ने प्रक्रिया पनि अघि बढाइएको छ । वैदेशिक रोजगार सेवा, अदालतमा मुद्दा व्यवस्थापन प्रणाली, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमतिपत्र सेवा, स्थानीय तहको पञ्जीकरण, नागरिकता, सामाजिक सुरक्षा, राहत तथा विपद् व्यवस्थापन, अध्यागमन सेवा, बन्दीको पहिचान तथा बन्दी वितरणलगायतका क्षेत्र र प्रणालीलाई अन्तरआबद्धता गर्ने सम्बन्धमा नेपाल सरकारका सचिवस्तरीय बैठकबाट निर्णय भइसकेको छ । यसैगरी, विभाग र सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष, भूमि व्यवस्था तथा अभिलेख विभागको प्रणाली तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमतिसम्बन्धी सेवा प्रणालीबीचको विद्युतीय सेवा प्रयोग गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।


**कुवेतमा रोजगारको अवसर**
कम्पनी: PEARL HOUSE FOR LADIES BEAUTY SALON COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०७/२१ चलानी नं.: ६०२६३३०१ LT. No.: 350208

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्तामा काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician (Hair Dressing, Manicure | 0 | 3 | स. कामना दक्ष | 150 | ७२४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ५ गते (21 November 2026) मा हुनेछ ।

वैदेशिक रोजगार विनाअनुमति मरणदुखी जानकारी :- १. आफ्नो नामना बिना प्रगत भईजाने लिखित म्यादिपि मात्र कम्पनीमा गई रक्षम बुझ्नुहुन होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निकायको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कहिलेसम्म पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३. अन विज्ञापन (दुलामा) मा उल्लेख भएको भन्दा बढी रक्षम कहिल्यै नतिर्नुहोला । ४. विदेश जान अघि अनिवार्यरुपमा सरकारबाट अनुमतिपत्र लिनुपर्ने हुन्छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रासस्रोत पोर्टल मार्फत सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयबाट प्रमोद गर्नु होला, अन्यथा दण्डित सम्भावना हुन्छ । ७. अन विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहलामामा सम्पर्क गर्नु होला ।

SUPREME OVERSEAS PVT. LTD. Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, +977 971-6824754
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

**कतारमा रोजगार**
कम्पनी: BUKSHISHA ENGINEERING FOR CONTRACTING WLL शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८३/०७/२३ चलानी नं.: ६०२६३३१० LT. No.: 350185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्तामा काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Armed Carpenter | 10 | 0 | सम्बन्धित कामना दक्ष | 1100 | ४५३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bricklayer/ Mason | 10 | 0 | | 1100 | ४५३२० | | | | | | | |
| 3. | REINFORCING IRON WORKER | 13 | 0 | | 1100 | ४५३२० | | | | | | | |
| 4. | BUILDING - GENERAL | 3 | 0 | | 1100 | ४५३२० | | | | | | | |
| 5. | Carpenter Armed | 3 | 0 | | 1100 | ४५३२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ५ गते (21 November 2026) मा हुनेछ ।

वैदेशिक रोजगार विनाअनुमति मरणदुखी जानकारी :- १. आफ्नो नामना बिना प्रगत भईजाने लिखित म्यादिपि मात्र कम्पनीमा गई रक्षम बुझ्नुहुन होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निकायको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कहिलेसम्म पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३. अन विज्ञापन (दुलामा) मा उल्लेख भएको भन्दा बढी रक्षम कहिल्यै नतिर्नुहोला । ४. विदेश जान अघि अनिवार्यरुपमा सरकारबाट अनुमतिपत्र लिनुपर्ने हुन्छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रासस्रोत पोर्टल मार्फत सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयबाट प्रमोद गर्नु होला, अन्यथा दण्डित सम्भावना हुन्छ । ७. अन विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहलामामा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com
ISO 9001 : 2015

**युएईमा रोजगार**
कम्पनी: ZAHRAT AL WAADI BUILDING MAINTENANCE शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०७/२० चलानी नं.: ६०२६३२३५ LT. No.: 350022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्तामा काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ceiling Experts | 2 | 0 | सम्बन्धित कामना दक्ष | 1500 | ६१,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Layer | 2 | 0 | | 1500 | ६१,३३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ३० गते (16 November 2026) मा हुनेछ ।

यस गाउँपालिकाबाट आ.व. २०८३/०८४ को तपशिल कार्यका लागि प्रकाशित बोलपत्र आव्हानको सुचनानुसार निम्न बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही र बोल अङ्कको औसत अङ्कसँग सबैभन्दा नजिक (Substantially responsive bid closest to the Average Bid Price) भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपशिल**

| ठेक्का न. | कामको बिबरण | फर्मको नाम | कबोल अंक (रु)भ्याट र पि.एस. सहित |
|---|---|---|---|
| LAL/W/ NCB/2083/084-05 | Construction of Blacktop Laljhadi-01. | Durga Nirman sewa. Kailari Ga.Pa.,Kailali. | 4,698,604.31 |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह दैनिक
www.madhyanhadaily.com



# नेपालको सार्वभौम क्रेडिट रेटिङ 'बिबी माइनस' यथावत् भोटेकोशी बाढीपहिरोले आर्थिक वृद्धिमा दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ कात्तिक

अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ एजेन्सी फिच रेटिङ्सले नेपालको सार्वभौम क्रेडिट रेटिङ 'बिबी माइनस' यथावत् राखेको छ। फिचले प्रतिवेदन सार्वजनिक गर्दै नेपालको भविष्यको आर्थिक तथा वित्तीय अवस्थालाई हेर्दै आउटलुक पनि स्थिर राखेको हो।

नेपालको सरकारी तथा बाह्य ऋण तुलनात्मक रूपमा कम हुनु, सहुलियतपूर्ण ब्याजदरमा ऋण प्राप्त हुनु, विदेशी मुद्रा सञ्चिति बलियो रहनु र बहुपक्षीय विकास साझेदारबाट वित्तीय सहयोग प्राप्त गर्ने क्षमता लगायतको आधार मानेर नेपालको क्रेडिट रेटिङलाई 'बिबी माइनस' यथावत् नै राखेको हो। त्यस्तै, जलविद्युत् क्षेत्रको विकासले नेपालको मध्यमकालीन आर्थिक वृद्धिको सम्भावना बलियो बनाएको फिचको विश्लेषण छ।

तर कमजोर सुशासन, न्यून प्रतिव्यक्ति आय, सीमित आर्थिक विकास र प्राकृतिक विपद्को जोखिमका कारण नेपालको रेटिङमा सुधार हुन नसकेको फिचको प्रतिवेदनले देखाएको छ। फिचले आर्थिक वर्ष २०८३/८४ मा नेपालको आर्थिक वृद्धि ३.४ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा




३.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको थियो। गत भदौमा रसुवा भोटेकोशीको बाढीका कारण मानवीय तथा आर्थिक क्षति हुनुका साथै विद्युत् उत्पादन, प्रसारण, यातायात, पर्यटन र औद्योगिक गतिविधिमा असर परेको फिचको भनाइ छ। बाढीले नेपालको कुल जडित विद्युत् क्षमताको १० प्रतिशतभन्दा बढी प्रभावित पारेको उल्लेख गरिएको छ। तर पुनर्निर्माण तथा पुनर्स्थापनाका कामले आगामी आर्थिक वर्षमा आर्थिक गतिविधि बढाउने अपेक्षा गरिएको छ। फिचले आर्थिक वर्ष २०८४/८५ मा नेपालको आर्थिक वृद्धि ५.२ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ। नेपालको बाह्य अर्थतन्त्रमा रेमिट्यान्सको महत्त्वपूर्ण योगदान रहेको फिचको भनाइ छ।

आर्थिक वर्ष २०८२/८३ मा रेमिट्यान्स कुल गार्हस्थ उत्पादनको ३६ प्रतिशतबराबर रहेको उल्लेख गर्दै आगामी वर्षहरूमा पनि रेमिट्यान्स आप्रवाह बलियो रहने अनुमान गरेको छ। फिचका अनुसार आर्थिक वर्ष २०८३/८४ र २०८४/८५ मा नेपालको विदेशी मुद्रा सञ्चितिले करिब १६.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने अनुमान छ। यो 'बिबी' रेटिङ समूहका मुलुकहरूको औसत ५.२ महिनाभन्दा निकै बढी हो।

फिचका अनुसार नेपालको सार्वजनिक ऋण आर्थिक वर्ष २०८४/८५ सम्ममा जिडिपीको ४८.२ प्रतिशत पुग्नेछ। आर्थिक वर्ष २०८२/८३ मा यो अनुपात ४५.२ प्रतिशत थियो। बाढीपछिको पुनर्निर्माण, राजस्व संकलनमा पर्न सक्ने असर र सरकारी खर्च बढ्ने भएकाले ऋणको अनुपात बढ्ने अनुमान गरिएको हो। आगामी दुई वर्षमा बजेट घाटा औसत ४.१ प्रतिशत रहने फिचको प्रक्षेपण छ। तर नेपालको सरकारी ऋण 'बिबी' समूहका देशहरूको औसत ५२.७ प्रतिशतभन्दा कम रहने भएकाले तत्काल ठुलो वित्तीय जोखिम नरहेको फिचको निष्कर्ष छ। नेपालको बाह्य ऋण पनि धेरैजसो सहुलियतपूर्ण सर्तमा प्राप्त भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले स्पष्ट बहुमत ल्याएपछि नेपालमा राजनीतिक स्थिरता र नीतिगत सुधारको सम्भावना बढेको फिचले निष्कर्ष छ। सरकारले सुशासन सुधार र निजी क्षेत्रका लागि व्यावसायिक वातावरण सहज बनाउने प्रतिबद्धता जनाएको र यी सुधार प्रभावकारी रूपमा कार्यान्वयन भए नेपालको आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पर्ने फिचको आकलन छ। तर सार्वजनिक वित्त व्यवस्थापन कमजोर भएमा, निरन्तर बजेट घाटा बढेमा र सरकारी ऋणको अनुपात तीव्र रूपमा वृद्धि भएमा नेपालको क्रेडिट रेटिङ घट्न सक्ने उसको भनाइ छ। त्यस्तै, राजनीतिक अस्थिरता बढेमा, सुशासन कमजोर भएमा र मध्यमकालीन आर्थिक वृद्धिको सम्भावना कमजोर बनेमा पनि रेटिङमा नकारात्मक प्रभाव पर्न सक्ने फिचले जनाएको छ।

# सिटी होटलको आम्दानी ४.७ प्रतिशतले बढ्यो

**काठमाडौं/मस–** नेपालको पहिलो हायात सेन्ट्रिक ब्रान्डको होटल सञ्चालक सिटी होटल लिमिटेड चालु आर्थिक वर्षको सुरूबाटै वित्तीय अवस्था सुधारतर्फ अग्रसर देखिएको छ। आम्दानी वृद्धि, सञ्चालन नाफामा सुधार र वित्तीय दायित्व घटाउने दिशामा देखिएको प्रगतिले होटलको समग्र वित्तीय अवस्थामा उल्लेख्य सुधार भएको हो।

शुक्रबार सार्वजनिक आर्थिक वर्ष २०८३/०८४ को पहिलो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरणअनुसार कम्पनीले गत वर्षको सोही अवधिको तुलनामा खुद नोक्सानी २८ प्रतिशतले घटाएको छ। चालु आर्थिक वर्षको असोज मसान्तसम्म कम्पनीको खुद नोक्सानी ४ करोड ३ लाख रुपैयाँ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो नोक्सानी ५ करोड ५७ लाख रुपैयाँ



थियो। यसअनुसार कम्पनीले एक वर्षको अवधिमा नोक्सानी १ करोड ५४ लाख रुपैयाँ अर्थात् करिब २८ प्रतिशतले घटाएको हो।

समीक्षा अवधिमा कम्पनीको कुल आम्दानी १२ करोड ९७ लाख रुपैयाँ पुगेको छ। गत आर्थिक वर्षको पहिलो त्रैमासिकमा कम्पनीको कुल आम्दानी ११ करोड ५५ लाख रुपैयाँ थियो। यसअनुसार कुल आम्दानीमा करिब ४.७ प्रतिशत वृद्धि भएको छ। होटलको सञ्चालन कार्यक्षमतामा समेत सुधार देखिएको छ। गत वर्षको पहिलो त्रैमासिकमा २ करोड ४३ लाख रुपैयाँ रहेको सञ्चालन नाफा चालु आर्थिक वर्षको सोही अवधिमा बढेर ३ करोड ७२ लाख रुपैयाँ पुगेको छ। यसमा करिब ५३ प्रतिशतको वृद्धि भएको छ। वित्तीय दायित्व व्यवस्थापनमा पनि कम्पनीले प्रगति गरेको छ। गत आर्थिक वर्षको पहिलो त्रैमासिकमा ३ अर्ब २० करोड रुपैयाँ रहेको दीर्घकालीन कर्जा चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा घटेर २ अर्ब ४८ करोड रुपैयाँमा झरेको छ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०८/२६ मा दर्ता भएको **प्रा.लि.नं.८८६७६** को **यात्रा सञ्जाल ट्राभल एण्ड टुर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/२७ को निर्णय अनुसार कम्पनीको खारेजीबाट उत्पन्न हुन सक्ने कानूनी तथा अन्य दायित्वका सम्बन्धमा कम्पनीसंग सम्बन्धित पक्षहरु (लिक्विडेटर/लेखापरीक्षक/सञ्चालक) पूर्ण रुपमा जिम्मेवार रहने गरी कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**Old telephone system for sale**

The Royal Embassy of Saudi Arabia in Kathmandu intends to sell a number of land-Lines phone and UPS APC, Enter system. Offers to purchase may be submitted within 14 days of this announcement, Inspections can be arranged by contacting the Embassy via: 01-4720891 Ext. 1014-1007 E-mail: kaemb@mofa.gov.sa

हार्दिक बधाई तथा शुभकामना
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
सफलताको ३२ औं वर्षमा प्रवेश
Your Financial Friend
Dillibazar, Charkhal Road, Kathmandu, Nepal
Ph.: 01-4537401/4537403
Email: info@gurkhasfinance.com.np
URL:www.gurkhasfinance.com.np
मिति २०८३/०७/२८ गते बाट सफलतापूर्वक ३१ औं वर्ष पुरा भरी ३२ औं वर्षमा प्रवेश गरेको खुसद उपलक्षमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

Er. Gaurav Singh
Surveyor
Global Destination Engineering Solution Pvt. Ltd.
Dhangadi, Kailali
Mob.: 9866870015

NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

गोरखा मीलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.
GORKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.
Minbhawan, New Baneshwor
Kathmandu, Nepal
Phone: 014622883, 4622844,4621137
Email: info@gurkhaml,com
Website: www.gurkhaml,com

ALL LINK
Air Multi Pvt. Ltd.
Kalikasthan, Kathmandu, Nepal.
Tel.: 01-5901877, Mobile: 9851168899
E-mail: airmulti11@gmail.com

Sahara Engineering Consultancy
Er. Sandeep Basnet
Damak-1, Jhapa
Mob.: 9852683883

New Dynamic Engineering Consultancy
Er. Prakash Basnet
Kohalpur, Banke
Mob.: 9868160887



**साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर**

**कम्पनी: D.I. Main-line Job Agency** शहर: **LIMASSOL**

पूर्व स्वीकृत मिति: २०८२/०४/२७ चलानी नं.: ६०७४२८४५ LT. No.:329159 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | सम्बन्धित कामना दक्ष | 1000 | १६६६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 0 | 3 | | 750 | १२४५५० | | | | | | | |
| 3. | Waiter | 1 | 0 | | 750 | १२४५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १ गते** (17 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता लाक्टाङ स्किल्स एकेडेमीमा २०८३ मंसिर १ गते** (17 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता साउथ वेस्टर्न कलेजमा २०८३ मंसिर १ गते** (17 November 2026) **मा हुनेछ ।**

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ चलानी नं.: ६०२४८६५२ LT. No.:335042 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 9 | 3 | स. काममा दक्ष | 800 | १३३२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८१/०८/२४ चलानी नं.: ६०२४८६५८ LT. No.: 335059 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 10 | 0 | सम्बन्धित कामना दक्ष | 750 | १२४५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bartender | 10 | 0 | | 750 | १२४५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ४ र ५ गते** (20 & 21 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता लाक्टाङ स्किल्स एकेडेमीमा २०८३ मंसिर ४ र ५ गते** (20 & 21 November 2026) **मा हुनेछ ।**

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ चलानी नं.: ६०२४८६५७ LT. No.:335058 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Houseman | 20 | 0 | स. काममा दक्ष | 750 | १२४५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/१०/०५ चलानी नं.: ६०२५११४५ LT. No.: 337746 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hostess | 0 | 5 | सम्बन्धित कामना दक्ष | 750 | १२४५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping | 0 | 14 | | 750 | १२४५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर २ र ३ गते** (18 & 19 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता लाक्टाङ स्किल्स एकेडेमीमा २०८३ मंसिर २ र ३ गते** (18 & 19 November 2026) **मा हुनेछ ।**

पूर्व स्वीकृत मिति: २०८२/१०/०५ चलानी नं.: ६०२५११४८ LT. No.: 337747 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A. | 10 | 0 | सम्बन्धित कामना दक्ष | 1000 | १६६६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook B | 7 | 0 | | 900 | १४४५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ४ र ५ गते** (20 & 21 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता लाक्टाङ स्किल्स एकेडेमीमा २०८३ मंसिर ४ र ५ गते** (20 & 21 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता साउथ वेस्टर्न कलेजमा २०८३ मंसिर ४ र ५ गते** (20 & 21 November 2026) **मा हुनेछ ।**

पूर्व स्वीकृत मिति: २०८२/१२/२४ चलानी नं.: ६०२५३८७७ LT. No.: 340462 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 10 | स. काममा दक्ष | 750 | १२४५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर २ र ३ गते** (18 & 19 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता लाक्टाङ स्किल्स एकेडेमीमा २०८३ मंसिर २ र ३ गते** (18 & 19 November 2026) **मा हुनेछ ।**

पूर्व स्वीकृत मिति: २०८३/०४/११ चलानी नं.: ६०२५८७५५ LT. No.: 345522 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesgirl | 0 | 4 | स. काममा दक्ष | 750 | १२४५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १ गते** (17 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता लाक्टाङ स्किल्स एकेडेमीमा २०८३ मंसिर १ गते** (17 November 2026) **मा हुनेछ ।**

पूर्व स्वीकृत मिति: २०८३/०४/११ चलानी नं.: ६०२५८७५४ LT. No.: 345637 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 24 | स. काममा दक्ष | 700 | ११६६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर २ र ३ गते** (18 & 19 November 2026) **मा हुनेछ ।**
**अन्तर्वार्ता लाक्टाङ स्किल्स एकेडेमीमा २०८३ मंसिर २ र ३ गते** (18 & 19 November 2026) **मा हुनेछ ।**

**नोट : अन्तर्वार्ता साइप्रस स्थित कम्पनी प्रतिनिधिहरूबाट फेस टु फेस हुनेछ ।**

| स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीपेपर शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४८५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पुर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पुर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफ्नो कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफ्नो कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :** स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको । कुल खर्च : नि:शुल्क**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता**
**वैदेशिक रोजगार बिमासम्बन्धि जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसंग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तोहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्ने गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानून पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।
**नोट: जापानिज भाषा रपाष्टरीम बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औद्योगिक प्रशिक्षार्थीको रुपमा लिने, नुहौंपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि व्यवस्था छ । साथै औद्योगिक प्रतिस्थानमा प्रयोग हुने व्यावहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**जापानमा रोजगार** कम्पनी : **G Worker Cooperative** शहर : **JAPAN**
पूर्व स्वीकृत मिति: २०८३/०७/२० चलानी नं.: ६०२६३२५२ L.T. No.: 350053

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: YEN | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम मानें घण्टा | हप्ताना काम मानें दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | trainee / intern worker ( cultivate agriculture) | 0 | 1 | स. काममा दक्ष | 190657 | १७४५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ मंसिर ६ गते** (22 November 2026) **मा हुनेछ ।**

| स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीपेपर शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४८५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पुर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पुर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफ्नो कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफ्नो कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन ख

# सुदूरपश्चिम प्लेअफमा जनकपुर र कर्णाली बाहिरिए



**काठमाडौं/मस–** सुदूरपश्चिम रोयल्स सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफमा पुगेको छ । शुक्रबार काठमाडौं गोर्खाजलाई ७ रनले पराजित गर्दै सुदूरपश्चिमले प्लेअफमा स्थान पक्का गरेको हो ।

सुदूरपश्चिमले दिएको १२६ रनको लक्ष्य पछ्याएको काठमाडौंले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ११८ रन मात्र बनाउन सक्यो । काठमाडौंका लागि रासिद खानले अविजित ३५ रन बनाए । उनले ३१ बलमा ५ चौका प्रहार गरे । दुसान हेमन्थाले २१ रन बनाए ।

ओपनर साम हिजलेट ११, आदिल आलम ८, सन्तोष यादव १० र कप्तान करण केसी ८ रन बनाएर आउट भए । सुदूरपश्चिमका अनिल खरेलले २ तथा स्कट कुगेलेइन, हेमन्त धामी र फाबियन एलनले १-१ विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १२५ रन बनाएको थियो ।

सुरुवातमै कमजोर देखिएको सुदूरपश्चिमको इनिङ्सलाई कप्तान दीपेन्द्रसिंह ऐरीले सम्हाले । टोलीले मात्र ८ रन बनाउँदा चार विकेट गुमाइसकेको अवस्थामा क्रिजमा आएका दीपेन्द्रले जिम्मेवार ब्याटिङ गर्दै अर्धशतक पूरा गरे । उनले ५५ बलमा ५ चौका र २ छक्कासहित सर्वाधिक ६० रन बनाए । त्यस्तै, थरिन्दु रत्नायकेले अविजित २६ रनको योगदान दिँदा आरिफ शेखले १६ रन जोडे ।

सुदूरपश्चिमका अन्य ब्याटरले भने उल्लेखनीय प्रदर्शन गर्न सकेनन् । स्कट कुगेलेइन ६ रन, विनोद भण्डारी १ रनमा आउट भए भने ब्रान्डन म्याकमुलेन र इशान पाण्डे खाता नै नखोली आउट भए ।

काठमाडौंका लागि जहानद खानले उत्कृष्ट बलिङ गर्दै ३ विकेट लिए । सन्तोष यादवले २ विकेट हात पारे ।

लिग चरणमा सबै ७ खेल खेलिसकेको सुदूरपश्चिम ७ खेलबाट १० अंक जोडेर शीर्ष स्थानमा उक्लिएको छ । यसअघि लुम्बिनी लायन्स पनि प्लेअफमा पुगिसकेको छ ।

शुक्रबार नै भएको अर्को खेलमा चितवन राइनोजले तेस्रो जित निकालेको छ । जनकपुर बोल्ट्सलाई ४ विकेटले पराजित गर्दै चितवन प्लेअफ नजिक पुगेको छ । चितवनको यस जितसँगै जनकपुर र कर्णाली याक्सको प्लेअफ सम्भावना समाप्त भएको छ । पोखरा एभेन्जर्स यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेको छ ।

जनकपुरले दिएको ८९ रनको सामान्य लक्ष्य चितवनले १७.२ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो । चितवनको जितमा डेविड मलानले अविजित ३५ रन बनाए । कमिल मिश्राले १२, रवि बोपाराले १३ तथा कुशल मल्लले १५ रन बनाए । जनकपुरका लागि राहुल यादवले ३ विकेट लिए । उनले ३ ओभरमा १९ रन खर्चिए। ललित राजवंशीले २ तथा विशाल सुस्लिडले १ विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ८८ रन बनाएको थियो ।

जनकपुरका लागि कप्तान हर्मित सिंहले सर्वाधिक २४ रन बनाए । यस्तै विशाल सुशलिडले १५ रन जोडे ।

चितवनका रञ्जित कुमारले ३ विकेट लिए । सिकन्दर राजा र कमिल मिश्राले २-२ विकेट लिए ।


## सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको वार्षिक साधारणसभा बस्ने सूचना

**प्रकाशित मिति : २०८३/०७/२८**

यस सिङ्गापुर गोर्खा पोलिक्लिनिक लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०६/०२ को निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने भएकाले सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि सादर अनुरोध छ ।

**तपसिल**

**मिति** : २०८३/०८/१९ गते शनिवार ( तदनुसार: डिसेम्बर ५, २०२६)
**स्थान** : ललितपुर म.न.पा.-१४, नखिपोट, SGPA भवन (कम्पनीको रजिष्टर्ड कार्यालय)
**समय** : विहानको ९:०० बजे ।
**प्रस्ताव तथा छलफलका विषयहरु** :
१. आ.व.२०८२/०८३ को प्रगति विवरण सम्बन्धमा ।
२. आ.व.२०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।
३. आ.व.२०८३/०८४ को लागि लेखापरिक्षक नियुक्ति गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
५. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## परियोजना समाप्ति सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति : २०८३ कार्तिक २८ गते**

बाल विकास समाज, काठमाडौँले वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक साझेदारीमा सञ्चालन गरेको "प्रोटेक्ट" (PROTECT Project) परियोजना १९ बैशाख, २०८१ देखि १४ आश्विन, २०८३ सम्ममा र "ईटा उद्योगमा रहेका बालबालिकाको उत्थानशिल विकास परियोजना" (Building Resilience with Children in Kathmandu's Brick Kilns -BRiCKK Plus project) १५ आश्विन, २०८१ देखि १६ पौष, २०८३ सम्ममा चन्द्रागिरि नगरपालिका, कीर्तिपुर नगरपालिका, काठमाडौं महानगरपालिका वडा नं. १६, ललितपुर महानगरपालिका वडा नं. २२ र २८ को क्षेत्रभित्र सफलतापूर्वक सम्पूर्ण कार्य सम्पन्न गरी पूर्ण रूपमा समापन (Project Phase-Out) हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

यस परियोजनाहरुको समाप्तिसँगै परियोजना अवधिभरका सम्पूर्ण हिसाब–किताब तथा दायित्वहरू फछ्यौट गर्ने क्रममा रहेकोले कुनै पनि बक्यौता बाँकी भएमा तुरुन्त सम्पर्क गर्नुहुन अनुरोध छ । अतः उक्त मिति पश्चात् यस परियोजनाको नाममा हुने वा गरिने कुनै प्रकारको आर्थिक लेनदेन, नयाँ सम्झौता, खर्च, नोक्सानी, भुक्तानी वा अन्य कुनै पनि वित्तीय दायित्व (Financial Liability) प्रति उक्त संस्थाहरु जवाफदेही वा जिम्मेवार नरहने स्पष्ट व्यहोरासहित यस सूचना प्रकाशन गरिएकोछ ।

सूचना जारी गर्ने:
**बाल विकास समाज**
कपन, काठमाडौँ
फोन नं. ०१–४८२०९३८, टोल फ्रि नं. १६६० ०१ ४३२१०

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०६/२५ मा दर्ता भएको **प्रा. लि. नं. ३२९८२२** को **बिसौनी मिडिया प्रा. लि.** को मिति २०८२/०७/२९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, पोन नं. ५८४१८६१६३०**



## मलेसियामा रोजगार
कम्पनी : GALLANT GUARD SERVICES SDN BHD | शहर : MALAYSIA
पूर्व स्वीकृत मिति : २०८३/०७/२६ | चलानी नं.: ६०२६३२५८ | L.T. No.: 350274

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब नेरू. | ओभर टाईम सुविधा | प्रतिदिन काम घण्टा | हप्तामा काम दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard/guard | 50 | 0 | स. कामना दक्ष | 1700 | ६२५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ५ गते** (21 November 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तामे | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तामे | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तामे | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पपेपर शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति तामे र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति तामे र कस्ले व्यहोर्ने

कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaiy.com
गा.हु.का.द.नं. ३३/०६९/०७०
२८ कार्तिक २०८३ शनिबार
14 November 2026 Saturday

# ‘बाटुलो जून’को सुखद सुरुवात

अभिनेता अनमोल केसी र अभिनेत्री प्रिन्सी खतिवडा अभिनीत नेपाली फिल्म ‘बाटुलो जून’ले प्रदर्शनको पहिलो दिनमै बक्स अफिसमा उत्साहजनक सुरुवात गरेको छ । बिहीबारदेखि देशभरका सिनेमा हलमा प्रदर्शनमा आएको फिल्मले पहिलो दिन १ करोड ३० लाख रुपैयाँभन्दा बढीको ग्रस कलेक्सन गरेको निर्माण पक्षको दाबी छ ।

यो व्यापारसँगै ‘बाटुलो जून’ अनमोल केसीको १२ वर्ष लामो फिल्मी करिअरकै सर्वाधिक ओपनिङ गर्ने फिल्म बनेको छ । यसअघि उनका कुनै पनि फिल्मले प्रदर्शनको पहिलो दिन एक करोड रुपैयाँको व्यापारिक आँकडा पार गर्न सकेका थिएनन् । त्यस्तै, सिक्वेल नभएका नेपाली फिल्ममध्ये पनि ‘बाटुलो जून’ले पहिलो दिन सर्वाधिक व्यापार गर्ने नयाँ रेकर्ड बनाएको निर्माण पक्षको दाबी छ ।

निर्माता सरोज न्यौपानेका अनुसार फिल्मले पहिलो दिन उपलब्ध तथ्यांकका आधारमा १ करोड २७ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको थियो । केही सिनेमा हलको अन्तिम हिसाब समावेश गर्दा कुल कमाइ १ करोड ३० लाख रुपैयाँभन्दा माथि पुगेको उनको भनाइ छ ।

अनमोलको पछिल्लो फिल्म ‘जेरी अन टप’ले प्रदर्शनको पहिलो दिन ६३ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको थियो । तर, ‘बाटुलो जून’ले उक्त व्यापारलाई प्रदर्शनकै दिन निकै छिटो उछिनेको निर्माता न्यौपानेले बताएका छन् । उनका अनुसार बिहीबार दिउँसो नै फिल्मले ‘जेरी अन टप’को पहिलो दिनको कुल व्यापार पार गरिसकेको थियो ।

पहिलो दिनको उत्साहजनक व्यापारपछि दोस्रो दिन शुक्रबार पनि फिल्मको कमाइ सकारात्मक रहेको निर्माण पक्षले जनाएको छ । निर्माता न्यौपानेका अनुसार शुक्रबार बिहान साढे १० बजेसम्म फिल्मले ४० देखि ४२ लाख रुपैयाँसम्मको ग्रस कलेक्सन गरिसकेको थियो । यसले फिल्मप्रति दर्शकको आकर्षण प्रदर्शनको दोस्रो दिन पनि कायम रहेको संकेत गरेको निर्माण पक्षको भनाइ छ ।

फिल्मको व्यावसायिक सफलतासँगै कलाकारहरू पनि दर्शकसँग प्रत्यक्ष भेटघाटमा व्यस्त छन् । अनमोल केसी र प्रिन्सी खतिवडासहित फिल्मका कलाकार विभिन्न सिनेमा हल पुगेर दर्शकसँग प्रतिक्रिया लिइरहेका छन् । हल भ्रमणका क्रममा दर्शकबाट प्राप्त सकारात्मक प्रतिक्रियाले आफूलाई उत्साहित बनाएको अनमोलले बताएका छन् ।

लामो समयदेखि नेपाली फिल्म क्षेत्रमा सक्रिय अनमोलले दर्शकको माया र समर्थनलाई आफ्नो सबैभन्दा ठूलो उपलब्धिका रूपमा व्याख्या गरेका छन् । फिल्म हेरेपछि दर्शकले दिएको प्रतिक्रियाबाट आफू निकै खुसी भएको उल्लेख गर्दै उनले दर्शकप्रति आभार व्यक्त गरेका छन् ।

यसै फिल्मबाट अभिनेत्रीका रूपमा डेब्यू गरेकी प्रिन्सी खतिवडाका लागि पनि पहिलो अनुभव सुखद बनेको छ । पहिलो फिल्ममै यति धेरै दर्शकको साथ र माया पाउने अपेक्षा नगरेको उनले बताएकी छन् । दर्शकसँगै बसेर फिल्म हेर्दा प्राप्त प्रतिक्रियाले आफ्नो अभिनय यात्राको सुरुवातलाई थप उत्साहजनक बनाएको उनको भनाइ छ ।

फिल्मका निर्देशकसमेत रहेका अभिनेता भुवन केसीले भने दर्शकको अहिलेको उत्साहले आफ्नो पुरानो फिल्म ‘कुसुमे रूमाल’को प्रदर्शन समय सम्झाएको बताएका छन् । नेपाली फिल्ममा आफ्नो सुरुवाती लोकप्रियता र दर्शकको मायालाई स्मरण गर्दै उनले लामो समय बितिसक्दा पनि दर्शकको साथ निरन्तर पाउनु सुखद अनुभव भएको उल्लेख गरेका छन् ।

‘बाटुलो जून’मा अनमोल र प्रिन्सीका अतिरिक्त भुवन केसी, गरिमा पन्त, न्यान्सी खड्का, प्रकाश धिमिरे, लक्ष्मीनाथ तिमिल्सिना र लक्ष्मी गिरीलगायत कलाकारको अभिनय छ । लामो समयदेखि नेपाली फिल्ममा सक्रिय नरहेकी अभिनेत्री गरिमा पन्तले पनि यही फिल्ममार्फत अभिनयमा पुनरागमन गरेकी छन् ।

वि.सं. २०४० को दशकको नेपाली सामाजिक तथा सांस्कृतिक परिवेशलाई आधार बनाएर फिल्मको कथा तयार पारिएको छ । तत्कालीन समाजको जीवनशैली, सम्बन्ध र सांस्कृतिक अवस्थालाई पर्दामा उतार्ने प्रयास गरिएको फिल्मको पटकथा सामीप्यराज तिमल्सेना र सरिन पोखरेलले लेखेका हुन् ।




## पाइरेसीविरुद्ध उजुरी

एकातिर बक्स अफिसमा राम्रो सुरुवात गरिरहेको ‘बाटुलो जून’ अर्कोतर्फ पाइरेसीको समस्यामा परेको छ । फिल्म प्रदर्शनमा आएको दोस्रो दिनमै निर्माण पक्षले हलभित्र फिल्मका दृश्य रेकर्ड गरेर सामाजिक सञ्जालमा सार्वजनिक गर्ने व्यक्तिविरुद्ध कानुनी प्रक्रिया अघि बढाएको छ ।

निर्माण कम्पनी सनराइज पिक्चर्स प्रा.लि.ले शुक्रबार साइबर ब्युरोमा औपचारिक उजुरी दर्ता गराएको हो । फिल्मका विभिन्न दृश्य अनुमति नलिई रेकर्ड गर्ने र टिकटक, फेसबुक, इन्स्टाग्राम तथा युट्युबलगायत सामाजिक सञ्जालमा अपलोड गर्ने प्रयोगकर्ताको विवरण र प्रमाणसहित उजुरी दिइएको निर्माण पक्षले जनाएको छ ।

निर्माण कम्पनीले जारी गरेको प्रेस विज्ञप्तिमा फिल्मका दृश्य अनधिकृत रूपमा रेकर्ड, सार्वजनिक तथा वितरण गर्दा सर्जकको प्रतिलिपि अधिकार उल्लंघन हुनुका साथै फिल्मको व्यावसायिक पक्षमा समेत नकारात्मक असर पर्ने उल्लेख गरिएको छ । यसअघि नै सामाजिक सञ्जालमा अपलोड गरिएका भिडियो सामग्री हटाउन र आगामी दिनमा यस्ता गतिविधि नगर्न सम्बन्धित सबैलाई आग्रह गरिएको छ ।

निर्माण पक्षले सार्वजनिक गरेको उजुरीसम्बन्धी निवेदनमा जिया केसीको हस्ताक्षर रहेको छ । निवेदनमा फिल्मका भिडियो क्लिपहरू विभिन्न सामाजिक सञ्जालमा गैरकानुनी रूपमा प्रयोग भइरहेको र त्यसले प्रतिलिपि अधिकार हनन तथा आर्थिक क्षति पुऱ्याएको उल्लेख गर्दै संलग्न व्यक्तिविरुद्ध आवश्यक कारबाहीको माग गरिएको छ ।

# एक हजार करोड क्लबमा ‘रामायण’



**काठमाडौं/मस-** भारतीय पौराणिक कथामा आधारित फिल्म ‘रामायण’ले विश्व बक्स अफिसमा ऐतिहासिक सफलता हासिल गरेको छ । प्रदर्शनमा आएको आठ दिनमै एक हजार करोड भारतीय रुपैयाँभन्दा बढी कमाइ गर्दै फिल्मले भारतीय चलचित्र उद्योगमा नयाँ कीर्तिमान बनाएको हो ।

नितेश तिवारीको निर्देशनमा बनेको तथा रणवीर कपुर, यश र साई पल्लवीलगायतका कलाकारको अभिनय रहेको फिल्मले नोभेम्बर १२ अर्थात् प्रदर्शनको आठौं दिनसम्म विश्वभरबाट एक हजार ३३ करोड ५५ लाख भारतीय रुपैयाँ ग्रस कमाइ गरेको छ । बक्स अफिसको तथ्यांक सार्वजनिक गर्ने ट्रेड पोर्टल स्याकनिल्कका अनुसार फिल्मले भारत र अन्तर्राष्ट्रिय बजार दुवैमा उत्साहजनक व्यापार गरिरहेको छ ।

यससँगै ‘रामायण’ विश्वभर सबैभन्दा छिटो एक हजार करोड रुपैयाँ कमाउने भारतीय फिल्मको सूचीमा तेस्रो स्थानमा पुगेको छ । यसअघि ‘पुष्पा २ : द रुल’ र ‘धुरन्धर : द रिभेन्ज’ले प्रदर्शनको सातौं दिनमै एक हजार करोडको आँकडा पार गरेका थिए । यी दुई फिल्मभन्दा एक दिन बढी समय लगाए पनि ‘रामायण’ले भारतीय चलचित्रको बक्स अफिसमा आफ्नो बलियो उपस्थिति देखाएको छ ।

फिल्मले प्रदर्शनको पहिलो दिन नै विश्वभरबाट करिब १२८ करोड रुपैयाँ ग्रस कमाइ गरेको थियो । त्यसपछि दर्शकबाट प्राप्त सकारात्मक प्रतिक्रिया, कलाकारको अभिनय र फिल्मको भव्य प्रस्तुतिका कारण यसको व्यापार निरन्तर बढ्दै गएको हो । विशेषगरी भारतबाहिरका बजारमा फिल्मले राम्रो प्रदर्शन गरेको व्यापार विश्लेषकहरूको तथ्यांकले देखाएको छ ।

स्याकनिल्कको तथ्यांकअनुसार ‘रामायण’ले भारतमा मात्रै आठ दिनमा ५६४ करोड ६० लाख रुपैयाँ नेट कमाइ गरेको छ । यसको कुल घरेलु ग्रस कलेक्सन ६७५ करोड ५ लाख रुपैयाँ पुगेको छ । त्यस्तै, भारतबाहिरका बजारबाट फिल्मले ३५८ करोड ५० लाख रुपैयाँ ग्रस कमाएको छ ।

फिल्मको भारतीय बजारमा भएको कमाइमा हिन्दी संस्करणको सबैभन्दा ठुलो योगदान रहेको छ । आठ दिनमा हिन्दी संस्करणले मात्रै ४३७ करोड रुपैयाँ नेट व्यापार गरेको छ । त्यसपछि कन्नड संस्करणले ४८ करोड ९५ लाख, तेलुगु संस्करणले ३८ करोड ५ लाख, तमिल संस्करणले २२ करोड १४ लाख र मलयालम संस्करणले १८ करोड ४५ लाख नेट कमाइ गरेका छन् ।

प्रदर्शनको आठौं दिन बिहीबार मात्रै फिल्मले भारतका सबै भाषामा गरी ५३ करोड ५० लाख रुपैयाँ नेट कमाएको स्याकनिल्कले जनाएको छ । त्यसमध्ये हिन्दी संस्करणको योगदान ४३ करोड रुपैयाँ रहेको छ । यसले फिल्मप्रति हिन्दी भाषी दर्शकको आकर्षण अझै बलियो रहेको देखाउँछ । भारतमा दीपावली पर्वको समयमा प्रदर्शनमा आएका कारण सुरुवाती दिनमा बिदा तथा चाडपर्वको प्रभाव फिल्मको व्यापारमा परेको थियो । यद्यपि, बिदाको समयमा दर्शकको चाप बढ्नु र फिल्मप्रति सकारात्मक प्रतिक्रिया आउनुले यसको कमाइलाई थप गति दिएको बताइएको छ ।

एक हजार करोड क्लबमा प्रवेश गर्ने भारतीय फिल्मको सूचीमा ‘रामायण’ ११औं फिल्म बनेको छ । तर, कम समयमै उक्त आँकडा पार गर्ने फिल्महरूको सूचीमा भने यसले धेरै सफल चलचित्रलाई पछाडि पारेको छ । ‘रामायण’ले आठ दिनमै एक हजार करोडको आँकडा पार गर्दा ‘बाहुबली २’लाई १० दिन लागेको थियो । त्यस्तै, ‘आरआरआर’ले १६ दिन, ‘केजीएफ च्याप्टर २’ र ‘जवान’ले १८-१८ दिन तथा ‘पठान’ले २७ दिनमा विश्वव्यापी एक हजार करोडको व्यापार गरेका थिए ।

यस सूचीमा ‘रामायण’भन्दा अगाडि ‘पुष्पा २’ र ‘धुरन्धर २’ मात्रै रहेका छन् । दुवै फिल्मले सात दिनमै विश्वव्यापी एक हजार करोड रुपैयाँभन्दा बढीको व्यापार गरेका थिए । यसैगरी, ‘रामायण’ले यस वर्ष भारतमा सर्वाधिक कमाइ गर्ने फिल्मको सूचीमा दोस्रो स्थानसमेत सुरक्षित गरेको छ । यसले ‘दृश्यम ३’, ‘जेलर २’ र ‘हनुमान’जस्ता फिल्मको कुल व्यापारलाई उछिनेको छ ।

# दर्शकले रुचाए ‘सिन्दुरे जात्रा’को गीत

**काठमाडौं/मस-** चलचित्र ‘सिन्दुरे जात्रा’को गीत दर्शकले रुचाएका छन् । सिनेमाको ‘बाँसैको सुप्लाखे’ बोलको गीत दर्शकले रुचाएका हुन् ।

पाँच दिनमा युट्युबमा यो गीत २३ लाख बढीले हेरेका छन् । युट्युबमा गीत हेर्ने दर्शकले गीत राम्रो रहेको प्रतिक्रिया दिइहेका छन् । गीतले सिनेमाप्रति उत्सुकता जगाएको दर्शकले बताइरहेका छन् ।

गीतमा प्रशान्त सिवाकोटी र मेलिना राईको स्वर छ । सुरज गैरे विवशको शब्द रहेको गीतमा



संगीत प्रशान्त स्वयंको छ ।

गीत सार्वजनिक भएसँगै सामाजिक सञ्जालमा चर्चा पाउन थालेको छ । यो गीत टिकटकमा मात्रै २० हजार भन्दा बढी भिडियोमा प्रयोग भइसकेको छ ।

प्रेमिल जोडीको माया दर्शाउने गीतमा प्रेम, लाज, इसारा, विश्वास र आश्वासन छ । प्रेममा रहेका युवा युवतीले इसारा इसारैमा पोखेको मनको भाव छ । गीतको भिडियोमा सिनेमाका मुख्य कलाकारद्वय विजय बराल र अञ्जना बराइली छन् । उनीहरूको नृत्यको पनि दर्शकले तारिफ गरिरहेका छन् ।

‘सिन्दुरे जात्रा’लाई सरोज पौडेलले निर्देशन गरेका छन् । यो सिनेमामा नेपाली सिनेमा उद्योगकै बक्सअफिसको ब्लकबस्टर जोडी विजय बराल र अञ्जना बराइली छन् । उनीहरुको यो दोस्रो सहकार्य हो । यसअघि यो टिमले नेपाली चलचित्र इतिहासकै सर्वाधिक सफल मानिएको ‘पूर्णबहादुरको सारङ्गी’मा सँगै काम गरेको थियो ।

चलचित्रमा विजय र अञ्जनासँगै विनोद न्यौपाने, उषा खड्गी, रामप्रसाद खनाल, लोकेन्द्र लेखक, कमलमणि नेपाल, भोला राज सापकोटा, हिउँवाला गौतम, राकेश खड्का, युना खड्का, अनिता गिरी, रजनी गुरुङ, देशभक्त खनाल र विनोद परियारलगायत कलाकारको अभिनय देख्न सकिनेछ ।

# ‘लुसु’को छायांकन लमजुङमा हुँदै

**काठमाडौं/मस-** जातकै कारण प्रेम सम्बन्धमा आउने अवरोध र त्यसले प्रेमी-प्रेमिकाको जीवनमा पार्ने प्रभावलाई कथावस्तु बनाइएको नेपाली कथानक चलचित्र ‘लुसु’को छायांकन आगामी मंसिर १ गतेदेखि लमजुङमा हुने भएको छ ।

चलचित्र निर्देशनका लागि निर्देशक नवराज श्रेष्ठ अमेरिकाबाट नेपाल आएका छन् । पदम विश्वकर्माको कथामा निर्माण हुन लागेको चलचित्रले जातीय विभेदका कारण प्रेममा उत्पन्न हुने संघर्ष, सामाजिक अवरोध र त्यसले सम्बन्धमा पार्ने असरलाई दमदार रूपमा उजागर गर्ने निर्माण पक्षले जनाएको छ ।

चलचित्रले वर्तमान सामाजिक परिस्थितिलाई यथार्थपरक ढंगले पर्दामा प्रस्तुत गर्ने निर्माता शेखर लामाले बताए । जातकै कारण प्रेममा आउने बाधा र त्यसले व्यक्तिको जीवनमा पार्ने प्रभावलाई चलचित्रमार्फत सशक्त रूपमा उठान गरिने उनको भनाइ छ । चलचित्रका




निर्माता शेखर लामा रहेका छन् । चलचित्रको लेखन सविन अधिकारी र बसन्त न्यौपानेले गरेका हुन् । चलचित्रमा मन्जिल कुमार, आश्विनी शाही, कमलमणि नेपाल लगायतको अभिनय रहनेछ ।

**कोशी प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश खेलकुद विकास बोर्ड**
**विराटनगर, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८३/०७/२८**

यस बोर्डबाट मिति २०८३/०६/२७ गते ट्र्याकसुटका सामग्री खरिद कार्यको लागि प्रकाशित बोलपत्र सूचना अनुसार तोकिएको अवधिभित्र रितपूर्वक पर्न आएका बोलपत्रहरुको मूल्यांकन समितिबाट मूल्यांकन गरि स्वीकृतका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ र ३ अनुसार सम्बन्धित सबैको जानकारीका लागि सो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विवरण | स्वीकृतका लागि छनौट भएका बोलपत्रदाताको विवरण | स्वीकृत कवोल रकम रु. (भ्याट र पिस बाहेक ) |
|---|---|---|---|
| १ | Supply and Delivery of Sports Tracksuit set for 10th National Game, Contract ID:- PSDB/NCB/S&DTracksuits/01/083/84 | श्री Dajubhai Suppliers & Surgical Enterprises, New baneshwor, Kathmandu | ६३,९०,००० ।- |

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएको छ ?
यदि छ भने हामीलाई सम्झनुहोस्
हाम्रा सेवा तथा सुविधाहरु
- कम्प्युटर, प्रिन्टर, ल्याप्टप, फोटोकपी आदि खरिद बिक्री तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्री तथा मर्मत
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु
- कम्प्युटर, प्रिन्टर फोटोकपी आदिको वार्षिक सर्भिस



नुम्स कम्प्युटर्स प्रा. लि.
सम्पर्क नं. ९८४१५६५७९४, ९८४१३०६५३०

**विपत्को पूर्व तयारीमा जुटौं**



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफवाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल